*प्रधान सम्पादक*

**संघनायक भिक्षु अश्वघोष महास्थविर**

४२५९११० (संघाराम विहार, ढल्को)

*प्रकाशक र विशेष सल्लाहकार*

**भिक्षुणी धम्मवती**

फोन: ४२५९४६६

*सम्पादक*

**भिक्षुणी वीर्यवती**

**फोनः ४२५९४६६**

*सम्पादन सहयोगी*

**भिक्षुणी शुभवती**

*व्यवस्थापकहरू*

**चिनीकाजी महर्जन**

फोन: ९८४१२५२६६२

e-mail: chinikajim@gmail.com

**ज्ञानेन्द्र महर्जन**

फोन: ४२७५३७७, ९८४१३६६५१४

**ध्रुवरत्न स्थापित**

फोन: ९८४१२६३३५५

*सह-व्यवस्थापक*

**इन्द्रमान महर्जन**

फोन: ९८४१४३४५७२

*कार्यालय*

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

**धर्मकीर्ति विहार**

श्रीघः नघःटोल

पोष्ट बक्स नं. ४९९२, काठमाडौं

फोन: ४२५९४६६

बुद्ध सम्बत् २५५९

नेपाल सम्बत् ११३५

इस्वी सम्बत् २०१५

बिक्रम सम्बत् २०७२

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | २०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. | १००/- |
| यस अङ्कको | रु. | १०/- |


DHARMAKIRTI

# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

## A Buddhist Monthly


**31st JULY 2015**

| वर्ष- ३३ | अङ्क- ३ | असार पुन्हि | श्रावण २०७२ |
|---|---|---|---|





**धेरै कुरा गर्न जानेको व्यक्तिमात्र पण्डित बनिने होइन, क्षमा, शील, अवैरी र निर्भयी व्यक्ति मात्र पण्डित बन्न सक्नेछ ।**

**त्यसबेलासम्म धर्मधर भनिंदैन, जबसम्म कुरा गर्न मात्र शिपालु हुनेछ । अलिकति मात्र धर्मको शिक्षा सुनेपनि, उक्त धर्मको शिक्षा अनुसार शरीरबाट आचरण गर्ने, धर्ममा प्रमाद नभएका व्यक्तिलाई मात्र धर्मधर भनिन्छ ।**

**बिचार नपुऱ्याईकन एकैचोटी निर्णय गर्ने व्यक्तिलाई धर्मानुकुल र न्यायपूर्ण व्यक्ति भनिन्दैन । जुन पण्डितले ठीक बेठीक छुट्टाएर निर्णय लिन्छ, धैर्यपूर्वक हतार नमानी राम्ररी निशाप छिन्न सफल हुन्छ, त्यस्तो व्यक्तिलाई धर्म रक्षा गर्ने, न्याययुक्त व्यक्ति भनिन्छ ।**


Downloaded from http://www.dhamma.digital

## ▪ सम्पादकीय ▪

# सहनशीलता, शान्तिको बाटो

ठीक तरिकाले सहन सक्ने गुण भएको अवस्थालाई सहनशीलता भनिन्छ। सहनशीलता असल गुणधर्म हो। जहाँ यसले ठाउँ लिन्छ त्यहाँ शान्ति मिल्नेछ।

भगवान् बुद्ध भन्नुहुन्छ–

**"यो हवे बलवा सन्तो दुब्बलस्स तितिक्खति**
**तमाहु परमं खन्ति निच्चं खमति दुब्बलो"**

बल र प्रतिभाशाली व्यक्तिले निर्बल एवं प्रभावहीन व्यक्तिको अपराध र दोषलाई क्षमा प्रदान गरी सहन सकेमा यो नै उत्तम सहनशीलता गुण हुनेछ। अर्को शब्दमा भन्ने हो भने दुःखी गरीब र कमजोर व्यक्तिहरूले आफ्नो कमजोरीको कारणले बाध्य भई सहेको कार्यले सही रुपमा शान्ति स्थापना हुन सक्दैन। त्यतिञ्जेलसम्म पनि जीवन रमणिय बन्न सक्दैन। तर उच्च ओहोदामा रहेका बलवान एवं प्रतिभाशाली व्यक्तिहरूले सहनसकेको घडीमा मात्र साँचो शान्ति प्राप्त हुनेछ। त्यहाँ कल्याणकारी वातावरणले ठाउँ लिनेछ।

भगवान् बुद्ध महामानवको रुपमा प्रस्तुत हुन सकेको पनि उहाँको सहनशीलता गुणले हो। एकदिन उहाँ समक्ष एक व्यक्तिले यसरी प्रश्न सोधेको थियो–

"रिसाउनु पाप हो कि धर्म ?"

यस प्रश्नको उत्तर भगवान् बुद्धले यसरी दिनुभएको थियो –

"रीस उठ्ने समयमा जसले होश पुऱ्याउन सक्छ, त्यहाँ पाप होइन, धर्मले ठाउँ ओगट्नेछ। तर रीस उठ्ने समयमा होश गुम्यो भने त्यहाँ पापपूर्ण कार्य हुनेछ।"

एकजना जापानी भिक्षुलाई रीस उठेछ र रीसको झोंकमा उसले अर्को एक व्यक्तिलाई मार्न खोजेको अवस्थामा उसले आफ्नो गुरुको वचन सम्झन पुगेछ–

"रीसको झोंकमा बेहोशी बनी कसैलाई नमार्नु, होशियारी बन्नु।"

उक्त व्यक्तिले गुरुको यस ज्ञानबर्द्धक कुरालाई सम्झने वित्तिकै होश सम्हाली ज्यान मार्ने जस्तो अनैतिक कार्य त्याग्यो। जसले गर्दा उसको जीवन पतन हुन सकेन।

तर रीस उठ्ने बेला होश गुमाउन पुग्यो भने मानिसले आफ्नो पतन हुने कार्य गर्न पुग्छ। यही घटना बर्मा देशमा पनि हुन पुगेछ।

एक आपसमा मिलेर बसिरहेका दुईजना भिक्षुहरू एकदिन नुहाउन गएछ। नुहाउने ठाउँमा एक जनाले ठट्टा गरी साथीको जुत्ता लुकाइदिएछ। जुत्ता हराउने साथीले पनि आफ्नो वचनलाई संयम नगरीकन कुन चाहिं कुकुरले मेरो जुत्ता लुकाइदिएछ भनी कडा वचन प्रयोग गरेछ। यस वचनलाई सहन नसकी साथी भिक्षुले रीसको झोंकमा होश गुमाउँदै आफ्नो भिक्षुत्त्व भावलाई नै बिर्सी साथीलाई छुराले घोपी दिएछ। त्यसैले रीसलाई चल्न नै नसक्ने गरी दवाउने उपाय भनेको सहनु नै हो।

सहन सक्ने व्यक्तिहरू भएको स्थानमा मात्र शान्तिले ठाउँ लिने गर्छ।

लण्डनमा लिफ्टमा गइरहेको अवस्थामा एकजनाले अर्कोलाई थुकीदिएछ। तर अर्कोले यस घटनाप्रति कुनै प्रतिकृया नगरी खल्तीबाट रुमाल झिकी उक्त थुक पुछेर चुप लागेर बसेछ। यो दृश्य देखी थुक्ने व्यक्तिले सोधेछ– "तिमीलाई रीस उठेन ?"

थुक पुछ्नेले भन्यो– "रिसाएर के गर्नु ? टाउको फुट्ने गरी झगडा गर्ने ? तिम्रो इच्छा पुरा भयो होइन ?" यो कुरा सुनी थुक्ने व्यक्ति चुप लागेर बसेछ। यहाँ सहन सकेको कारणले शान्तिले ठाउँ लियो।

जुन परिवारमा सहन सक्ने व्यक्ति हुन्छ, उक्त परिवारको पारिवारिक जीवन सुखमय हुनेछ। त्यसैले पारिवारिक जीवनको लागि सहनशीलता अमृत रुपी औषधि नै हो।

शुकरात दार्शनिक, विद्वान र सत्यवादी हुनुहुन्छ। एकदिन शुकरातले आफ्ना विद्यार्थीहरूलाई आफ्नै घरमा पढाइराख्नु भएका थियो। उहाँकी श्रीमती भने अलि अशिक्षित र जङ्गली स्वभावकी थिइन्। त्यसैले होला उनीले आफ्ना श्रीमान्ले विद्यार्थीहरूलाई पढाइराखेको सहन नसकी झोक्किंदै कराउन थालिन्–



Downloaded from http://www.dhamma.digital

"कहिल्यै हाँसेर बोल्नु छैन, त्यस्तो मान्छेले मलाई किन विवाह गर्नुपर्‍यो ।"

यो कुरा सुनेपछि, नसुने जस्तो गरी शुकरात पुस्तक पढेर बस्नुभयो । आफ्नो वचनको केही प्रतिकृया नआएको देखी मुरमुरिएकी ती महिलाले केही शीप नलागेर घर बाहिर गई एउटा बाटा भरि हिलो राखेर ल्याई श्रीमान्को शरीरमा खन्याई दिइन् । यो दृश्य देखी विद्यार्थीहरूलाई रीस उठेछ र उनीहरूले शुकरातलाई भनेछ–

"गुरुज्यू ! यी महिला त तपाईंलाई सुहाउँदैन ।"

यो कुरा सुनी शुकरातले भन्यो–

"यिनी मलाई सुहाउँछिन् ! यिनीले गरेर नै मैले आफूलाई कत्तिसम्म सहन सक्ने क्षमता कमाएँ भनी चिन्ने मौका पाइरहको छु । माटोको भाँडो किन्न जाने मानिसले उक्त भाँडो कच्चा हो वा पक्का हो जाँच्नको लागि हातले उक्त भाँडो बजाएर हेर्ने गर्छ । त्यसरी नै यी महिलाले पनि म कतिसम्म सहने क्षमता भएको रहेछ भनी जाँच्ने गर्छिन ।"

शुकरातको यो कुरा सुनी उनकी श्रीमतीको होश फर्किएछ र पश्चाताप मान्दै उनीले आफ्नो श्रीमान्सँग यसरी क्षमा माग्न थालिन्–

"मलाई क्षमा गर्नुहोस् । तपाईं त देवता नै हुनुहुँदो रहेछ । तपाईंलाई मैले चिन्न सकिन ।

द्रोणाचार्यले आफ्ना शिष्यहरू युधिष्ठिर, अर्जुन, भीम, नहकुल र सहदेवलाई शिक्षा सिकाउने सिलसिलामा "न रिसाउनु" शब्द घोक्ने गृहकार्य दिएको रहेछ । भोलिपल्ट युधिष्ठिर बाहेक अन्य ४ जना दाजुभाईहरूले सजिलैसित पाठ दिएछ मुखबाट । तर युधिष्ठिरले ४ दिनसम्म पनि पाठ आएको छैन भन्दै पाठ दिएन । त्यसैले गुरु द्रोणाचार्यले रीसको झोंकमा युधिष्ठिरलाई कुट्न पुगेछ । तर युधिष्ठिर कुटाई खाएपनि कतिपनि नरिसाइकन मुसुमुसु हाँसिरहे । युधिष्ठिर हाँसिरहेको देखी गुरुले सोधेछ– "अझ पनि हाँस्न मन लागेको छ तिमीलाई ?" गुरुको कुरा सुनी युधिष्ठिरले भनेछ–

"हजुरले नै हामीलाई गृहकार्य दिनुभएको होइन र "नरिसाउनु" भनी ?

युधिष्ठिरको उत्तर सुनी गुरु द्रोणाचार्यलाई होश आएछ र आफ्नो बेहोशीपना प्रति पश्चाताप गर्दै शिष्य युधिष्ठिरलाई स्नेहपूर्वक अंकमाल गर्दै भनेछ–

"युधिष्ठिर ! तिमीलाई मैले बल्ल चिनें । तिमीलाई पहिला नै पाठ आइसकेको रहेछ । तिमी शिष्य भएर परीक्षामा उत्तिर्ण भयौ । तर म गुरु भएपनि बेहोशी बनी मैले लिएको परिक्षामा म आफै अनुत्तिर्ण भएँ ।"

यसरी नै बर्मामा श्रीमान् श्रीमती एक जोडी बिच कुनै एक मतभेदको कारणले सम्बन्ध बिच्छेद भएछ । उनीहरूको एक छोरी पनि रहेछ । त्यही छोरीको लागि उनीहरू बिच मुद्दा चलेछ । न्यायाधिशले भन्यो–

"अब छोरीले आमा बुबा दुवै मध्ये कोसंग बस्ने इच्छा गर्छ छोरी उसैको हुनेछ ।"

छोरीलाई सोधेछ– "कोसँग बस्ने ?" भनी ।

छोरीले जवाफ दिइन्– "म त मेरा आमा बुबा दुवैको सन्तान । म मेरा आमा बुबासँग नै बस्छु ।"

छोरीको यस निर्णयले गर्दा सम्बन्ध विच्छेद भइसके का आमा बुबा दुवै फेरि मिलेर बस्न करै लाग्यो ।

"सहनशीलताको महिमा र फल हो यो ।"

माथि उल्लेखित सम्पूर्ण घटनाहरूले सहनशीलता गुण नै शान्तिको उपाय हो भन्ने प्रमाण प्रस्तुत गरेको छ ।

धेरै जसो बुद्धि कमजोड भएका व्यक्तिहरूलाई चाँडै रीस उठ्ने गर्छ । उनीहरूलाई रीस उठ्ने कारणहरू यसरी रहेका छन्–

१) आफूलाई मन नपर्ने कुरा सुन्नुपर्दा ।
२) आफूलाई मन नपर्ने खाना खानुपर्दा ।
३) आफूलाई मन नपर्ने व्यक्तिसँग रहनुपर्दा ।
४) आफूले भनेको कुरा कसैले नसुनिदिंदा ।
५) आफूले भनेजस्तो कार्य सिद्ध नहुँदा ।
६) आफूलाई मनपर्ने नेता र गुरुलाई कसैले मान सम्मान नगर्दा ।

तर यी घटनाहरूले बुद्धिमान् व्यक्तिहरूलाई केही असर पार्न सक्दैन । किनभने उनीहरूले आफ्नो मनलाई द्वेष भावले होइन सहनशीलता भावले पखाली सकेको सफल व्यक्ति बनिसकेको हुन्छ । हामीलाई यस्तै व्यक्तिको खाँचो रहेको छ ।



Downloaded from http://www.dhamma.digital

# सयाजी उ वा खिन र वेबु सयादो

✍ कल्याण मित्र सत्यनारायण गोयन्का

बर्माका भदन्त वेबु सयादो यस शताब्दीका एकजना उच्च तथा आदरणीय भिक्षु हुनुहुन्थ्यो । "सयादो" भिक्षुहरूलाई प्रयोग गरिने शब्द हो । यसको अर्थ बर्मी भाषामा आदरणीय शिक्षक भिक्षु हुन्छ ।

वेबु सयादोको जन्म माथिल्लो बर्माको इन्गिनपिन गाउँमा सन् १८९६ को जनवरी १७ तारिखमा भएको थियो । उहाँले ९ वर्षको कलिलो उमेरमा भिक्षु बनी पाली भाषाको अध्ययन गर्नुभयो । २७ वर्षको उमेरमा यस विषयमा पारंगत हुनुभयो । यसै समय सन् १९२३ मा विहार छोडी चार वर्ष एक्लो जीवन व्यतीत गर्नुभयो ।

उहाँ आनापान-सतिको ध्यान गर्नुहुन्थ्यो । उहाँ भन्नुहुन्थ्यो, "यस भावनाको अभ्यासले भित्रदेखि समाधि प्रवल हुनथाल्छ र विपश्यना साधना गर्न टेवा पुग्दछ, जसबाट अनित्य, अनात्म र दुःखको अवबोध हुन थाल्छ ।"

उहाँ त्यस समयका ध्यान भावना गर्ने एक प्रख्यात भिक्षुको रुपमा कहलाउनु हुन्थ्यो, उहाँ अधिक समय एक्लै, धर्म अभ्यासको लागि बिताउनु हुन्थ्यो । यसै अभ्यासबाट उहाँले अर्हत मार्गफल प्राप्त गर्नुभएको थियो । उहाँ कहिल्यै सुत्नुहुन्नथ्यो ।

आफ्नो जीवनको ५७ वर्ष उत्तर बर्मामा रहेको तीनवटा ध्यानकेन्द्रमा बिताउनु भयो । उहाँ सन् १९५३ मा पहिलो पल्ट सयाजी उ वा खिनको निमन्त्रणामा रंगुन जानु भयो र दक्षिण बर्माको भ्रमण गर्नुभयो । यस भ्रमण पश्चात् पटक पटक विभिन्न स्थापना धर्म सिकाउनुको साथै साधनाको अभ्यास पनि गर्नुभयो । उहाँले भारत तथा श्रीलंकाको भ्रमण पनि गर्नुभएको थियो ।

आफ्नो जीवनको अन्तिम समय आफू जन्मेको गाउँको साधना केन्द्रमा बिताउनु भयो । ८१ वर्षको बूढो उमेरमा सन् १९७७ जून २७ का दिन उहाँको निधन भयो ।

★★★

सन् १९४१ मा उ वा खिन एकाउटेन्ट अफिसरमा नियुक्त गरिए पछि उहाँले रंगून-माण्डेलेको रेल वे लाइनको हिसाब हेर्नु हुन्थ्यो । उहाँको लागि एउटा छुट्टै डिब्बा हुन्थ्यो जसमा सम्पूर्ण सुविधाहरू थिए । त्यो डिब्बा आवश्यक अनुसार कहिले जोड्ने कहिले छुटाउने गर्दथ्यो ।

एकसमय भूलचूकले उहाँको डिब्बा क्याउक्सेमा छोड्यो, यो ठाउँ माण्डेलेबाट ४० माईल दक्षिणमा पर्दथ्यो । हुनत यसरुटमा हिसाब हेर्ने उहाँको जिम्मा थिएन तर एकाउण्ट अफिसरको नाताले चाहेमा जहाँको पनि हिसाब जाँच गर्न सकिन्थ्यो । उहाँले त्यहाँको हिसाब हेर्नुभयो ।

त्यहाँको काम सकिएपछि नजिकैको स्वेथरल्याण्ड पहाडमा जाने उहाँको विचार थियो । अतः त्यहाँको स्टेशन मास्टर एकजना साथमा लिएर उहाँ त्यस पहाडमा चढ्नुभयो । उकालो त्यति थिएन, तलैबाट टुप्पोका घरहरू देखिन्थे । उहाँले वेबु सयादोको बारेमा सुन्नुभएको थियो, अत: ती घरहरू उहाँकै निवासस्थान होला भन्ने अनुमानले विस्तारै उक्लिनुभयो । दिउँसोको करिब ३ बजेतिर उहाँहरू विहारमा पुग्नुभयो । बाहिर आँगनमा एकजना बूढी भिक्षुणी खुर्सानी र गेडागुडी सुकाउँदै थिईन् । सयाजीले तिनलाई नै सयादो भेट्न सकिन्छ कि भनेर सोध्नुभयो ।

"यस समयमा त उहाँ कसैलाई पनि भेट्नु हुन्न, अहिले उहाँको साधना गर्ने समय हो । साँझ करीब ६ बजे मात्र निक्किनुहुन्छ, उहाँ धेरै मान्छेहरूसँग भेट्न मन पराउनु हुन्न, केवल आधि घण्टाको लागि मात्र निस्किनु हुन्छ । यदि त्यस समयमा कोही भेट्न आएको छ भने मात्र तिनीहरूलाई प्रवचन दिनु हुन्छ अन्यथा फेरि छाप्रोमा नै जानु हुन्छ । जुन पायो त्यही समयमा मान्छेहरू भेट्नु हुन्न" भिक्षुणीले जवाफ दिइन् ।

उ वा खिनले आफू धेरै टाढाबाट आएको र पर्खिने धेरै समय नभएको बताउनु भयो । भिक्षुणीले वेबु सयादो ध्यान गर्नुभएको छाप्रोमा लगिन् । उ वा खिनले घुँडा टेकेर बाहिरबाट प्रार्थना गर्नुभयो, "भदन्त म तल्लो बर्मा रङ्गूनबाट आएको हुँ र म तपाईंको दर्शन गर्न चाहन्छु ।"

यत्तिकैमा छाप्रोको ढोका उघारेर सयादो बाहिर आउनु भयो । ढोका खोल्ने बित्तिकै त्यहाँबाट लामखुट्टेको एकधार हुरुरुरु बाहिर निस्कियो । सयादो यसरी बाहिर



Downloaded from http://www.dhamma.digital

निस्केकोले सबै छक्क परे । सयाजीले आफ्नो शरीरको अनित्य बोधको साथमा सयादोको दर्शन गर्नुभयो ।

यत्तिकैमा सयादोले सोध्नुभयो– "तिमी के चाहन्छौं ?" उ वा खिनले जवाफ दिनुभयो, "म निर्वाण चाहन्छु, भन्ते ।" "निर्वाण ! कसरी प्राप्त गर्छौ निर्वाण ?" "साधनाको अभ्यास गरेर र अनित्य स्वभावलाई जानेर भन्ते ।" "अनित्य बोध गर्ने शिक्षा तिमीले कसरी सिक्यौ ?" सयाजीले सया थेतजीसंग विपश्यना सिकें भनेर वर्णन गर्नुभयो । "अहो ! तिमीले विपश्यनाको अभ्यास गरेका रहेछौ ?" "हो भन्ते, म विपश्यनाको अभ्यास गर्दैछु ।" "कस्तो खालको विपश्यना ?" उ वा खिनले विस्तृत रुपमा आफ्नो अनुभवको वर्णन गर्नुभयो । यो सुनेर सयादो प्रसन्न हुनुभयो र भन्नुभयो–

"तिमीले बताएको जस्तो विपश्यनाको अभ्यास गर्न म यो जङ्गलमा वर्षौंदेखि एक्लै बसिरहेको छु ।" उहाँ सायद कोही गृहस्थ भएर पनि यस तहसम्म विपश्यनाको अभ्यास गरेकोमा आश्चर्य हुनुहुन्थ्यो ।

केही बेरसम्म दुवैजनासंगै साधना गर्नुभयो र केही क्षणपछि सयादोले भन्नुभयो– "तिमीले अब धर्म सिकाए हुन्छ, तिमीसंग धेरै अर्जित पूण्य पारमी छ । तिमीले अरुलाई धर्म सिकाउनु पर्छ । तिमीसंग भेटेर पनि धर्मको फाईदा पाउनबाट अरुलाई बञ्चित नगर । शुरु गरीहाल, नरोक । तिमीले धर्म सिकाउनै पर्छ ।" *क्रमश:*


**सूचना ! सूचना !! सूचना !!!**

**पूज्य धम्मवती गुरूमांको**

८२ औं जन्मोत्सवको शुभ उपलक्ष्यमा भिक्षु महासंघको तर्फबाट साप्ताहिक अभिधर्म पाठ र धर्मदेशना भइरहेको छ । सम्पूर्ण श्रद्धालुहरूलाई यस कार्यक्रममा सहभागी बनी पुण्य सञ्चय गर्नुहुन अनुरोध गरिएको छ ।

*कार्यक्रम सञ्चालन भइरहेको:*

मिति : २०७२ श्रावण १० देखि १७ सम्म

स्थान : धर्मकीर्ति विहार, धम्महल

समय : विहान ७ बजे देखि ९ बजेसम्म


# धम्मपद–२८८


✍ **डा. रीना तुलाधर (बनिया)**

*'परियत्ति सद्धम्म कोविद'*


**अक्कसं विञ्ञापनिं – गिरं सच्चं उदीरये**

**याय ना भिसजे – तम हं ब्रूमि ब्राह्मणं**

*अर्थ*– जसले कसैलाई पनि पीडा दिंदैन, जसले कडा वचन बोल्दैन, जसले कारणलाई स्पष्ट गरी सत्य कुरा बोल्छ, त्यस्ता व्यक्तिलाई नै म ब्राह्मण भन्दछु ।

*घटना*– उपरोक्त गाथा भगवान बुद्धले बेणुवन महाविहारमा बस्नु भएको बेला पिलिन्दवच्छ स्थविरको कारणमा भन्नुभएको थियो ।

पिलिन्दवच्छ स्थविरको एउटा बानि थियो, जो कसैलाई पनि 'वसलि' (चण्डाल) भनेर सम्बोधन गर्ने । गृहस्थ होस् प्रव्रजित होस्, 'आउ वसलि, जाउ वसलि' भनेर बोल्ने गर्थ्यो ।

एकदिन यो कुरालाई लिएर थुप्रै भिक्षुहरू भगवान् बुद्धकहाँ बिन्ति गर्न गयो– "भो शास्ता ! पिलिन्दवच्छले भिक्षुहरूलाई वसली भनेर सम्बोधन गरी हिंड्छ ।"

अनि भगवान् बुद्धले त्यो भिक्षुलाई बोलाउनु पठाएर सोध्नु भयो– "तिमीले भिक्षुहरूलाई वसली भनेर सम्बोधन गरी हिंड्छ भनेको कुरा साँच्चै हो के ?" उसले– "हो" भनेर जवाफ दिएपछि भगवान् बुद्धले त्यस भिक्षुको पूर्व जन्मको कुरा समेत जोडेर भन्नुभयो– "हे भिक्षुहरू! तिमीहरू पिलिन्दवच्छ भिक्षुलाई धेरै निन्दा गरेर नबस । वच्छ भिक्षुले कसैमाथि द्वेषभाव राखी वसली वादले बोलेको होइन । वच्छ भिक्षु पहिले पाँचसय वर्षसम्म ब्राह्मण कुलमा जन्म लिएर आएको हुँदा लामो समयसम्म वसलीवादले व्यवहार गरेर आयो । क्षीणाश्रव भएकासँग अरुमाथि कडा वचन बोल्ने, अभद्र शब्द बोल्ने, अरुको चित्त दुःख्ने गरी बोल्ने स्वभाव हुँदैन । पहिले देखिको बानिको कारण मात्रै मेरा पुत्रसँग यस्तो बोल्ने बानि आएको हो ।"

यसरी आज्ञा भई धर्मदेशना गरी भगवान् बुद्धले उपरोक्त गाथा भन्नुभयो । ❖



Downloaded from http://www.dhamma.digital

# बौद्ध विश्वास (तृतीय भाग)–१५

✍ के.श्री धम्मानन्द
*अनुवादक*- मदनरत्न मानन्धर

बौद्धहरू आफ्नो मनमा उहाँको जीवितता अनुभव गर्छन् । यस्तो अनुभवले उनीहरूको पूजा प्रवल र अर्थपूर्ण बनाउँछ। बुद्धमूर्तिको शान्तभावले उनीहरू प्रभावित हुन्छन् र असल आचरण र शुद्ध विचार राख्नमा प्रेरित हुन्छन् ।

एक समझदार बौद्धले बुद्धमूर्तिसँग आफ्नो कुकर्मको क्षमादान वा अरू कुनै वस्तुको प्रार्थना गर्दैन । उसले आफ्नो मन वशमा राख्ने कोशिश गर्छ, बुद्धको शिक्षा अनुशरणमा लाग्छ, संसारीक दुःखबाट छुटकारा पाउन खोज्छ र आफ्नो मुक्ति प्राप्त गर्दछ ।

बौद्धहरूले बुद्ध मूर्तिको पूजा गरेको अर्थ र कारण नबुझ्नेहरूले नै बौद्धहरूलाई मुर्तिपूजक भनी आलोचना गरेका हुन् । जब मानिसहरूले आफ्ना आमाबाबुको, बाजेबजैको राजारानीको, मन्त्रीहरूको, ठूला वीरहरूको, दार्शनिकहरूको र कविहरूको फोटो आफूसँग राख्न नहुने ?

आफ्ना गुरूको गुण गाउनमा के आपत्ति छ ? जब मानिसहरू आफ्ना प्रियहरूको समाधिमा माला चढाएर श्रद्धा प्रकट गर्छन् भने आफ्नो जीवन नै मानव कल्याणमा लगाउने आफ्ना गुरूप्रति बौद्धहरूले फूल, धूप, दीप चढाएर पूजा गर्नुमा के हानी छ ? हत्यारा र लाखौं निरीह मानिसको मृत्युको कारण हुने व्यक्तिलाई विजयी वीरको नाममा मानिसहरू सालिक वनाउँछन् । सत्ताको लागि यी विजेताहरूले द्वेषपूर्वक, निर्दयीपूर्वक र लोभको कारण मानिसहरूको हत्या गर्छन् । तिनीहरूले गरीब मुलुकहरूमाथि आक्रमण गर्छन् र अर्काको जमीन र सम्पत्ति लुट्नुका साथै धेरै विध्वंश गरेर अत्यन्त दुःख दिन्छन् । कतिपय यस्ता विजेताहरू राष्ट्रिय वीर कहलाइन्छन्; तिनीहरूको सम्झनामा विभिन्न समारोह मनाई तिनीहरूको समाधिहरूमा फूल माला चढाइन्छन् भन्नाले, अरूलाई मुक्तिको मार्ग देखाउनको लागि बुद्ध बन्न सांसारिक सुख त्याग्ने गुरूप्रति बौद्धहरू नतमस्तक हुनुमा के दोष छ ?

मूर्तिहरू अर्धचेतनाका भाषा हुन् । त्यसकारण, कसैको मनमा बुद्धको मूर्ति अङ्कित हुँदा पूर्णताको प्रतिकको रूपमा अर्धचेतन मनमा गहिरिएर अङ्कित हुन्छ र यदि त्यो मन वलवान छ भने दुस्प्रवृत्तिमा यन्त्रवत रोक लगाउन सघाउँछ । बुद्धको सम्झनाले आनन्द उत्पन्न गराउँछ, मनलाई वलवान बनाउँछ र थकावट, तनाव र नैराष्यताबाट माथि उठाउँछ । तसर्थ बुद्धको पूजा गर्नुको अर्थ साधारण प्रार्थना होइन, ध्यान हो । त्यसकारण यो मूर्ति पूजा होइन 'आदर्श' पूजा हो । बौद्धहरू आफ्नो जीवनको पवित्रस्थल निर्माणमा स्वच्छ बल प्राप्त गर्छन् । तिनीहरू आफूभित्र बुद्धमूर्ति स्थापना गर्न योग्य नहुन्जेल मनलाई सफा पार्छन् । मूर्तिद्वारा प्रतिनिधित्त्व गरिएका महापुरूषप्रति तिनीहरू सम्मान प्रकट गर्छन् । उहाँका आदर्श व्यक्तित्वबाट आफूमा प्रेरणा जगाउन प्रयत्न गर्छन् र उहाँको बराबरीमा पुग्ने कोशिश गर्छन् । बौद्धहरू बुद्धमूर्ति काठको हो वा धातुको हो वा माटोको हो भनी हेर्दैनन् । मन, वचन र कर्म शुद्धिको प्रतिनिधित्त्व बुद्ध मूर्तिले गरेको हुन्छ ।

बुद्ध मूर्ति बुद्धका उच्च गुणहरूको सांकेतिक प्रतिनिधित्व मात्र हुन् । बुद्धप्रति गहिरो आस्था व्यक्त गर्न संसारका प्रचलित सूक्ष्म र राम्रा कला अपनाउनु कुनै अस्वभाविक होइन । पवित्र धार्मिक गुरूहरूका मूर्तिहरू पुज्नेप्रति मानिस किन कुदृष्टि राख्छन्, बुझ्न गाह्रो छ ।

बुद्धका शान्त र स्वच्छ मूर्ति सुन्दरताको सर्वग्राह्य धारणा भइसकेको छ । बुद्धमूर्ति एशियाली संस्कृतिका सब भन्दा अमूल्य र सार्वजनिक सम्पत्ति हो । बुद्धमूर्ति बिना हामीले शान्त, देदीप्यमान र संसारीकताबाट मुक्त व्यक्तित्व कहाँ पाउन सक्छौं ?

बुद्ध मूर्तिलाई एशियालीहरू अथवा बौद्धहरूले मात्र सह्राहना गरेका छैनन् । आफ्नो आत्मकथामा अनातोलि फ्रान्सले लेखेका छन्, '१८९० को मे १ तारिख, सौभाग्यवश पेरिसको म्यूजियम हेर्न पुगें । एशियाका मूर्तिहरूमध्ये बुद्धमूर्तिमा मेरो आँखा पऱ्यो । बुद्धले दुःखित मानवहरूलाई मैत्री र समझदारी वृद्धि गर्न संकेत गरिरहनु भएको आभास मिल्यो । यदि यो पृथ्वीमा ईश्वर बस्दछ भने, उहाँ बुद्ध नै हुन् भन्ने अनुभव गरें । घुँडाले टेकेर उहाँलाई ईश्वरको रूपमा मानेको अनुभव भयो ।'

*क्रमशः*



Downloaded from http://www.dhamma.digital

# जन्म : कर्मको फल हो

✍ **पूर्णमान महर्जन**

**"मनुजस्स पमत्तचारिनो, तण्हा वडढति मालुवा विय।**
**सो प्लवति हुराहुरं, फलमिच्छेव वनस्मि वानरो॥"**

(प्रमादी व्यक्तिको तृष्णा मालुवा लता झैं बढ्छ, फलफूलको आशागरी जङ्गलमा एउटा रुखबाट अर्कोमा उफ्रेर जाने बाँदर झैं प्रमादीले संसारमा बारम्बार जन्म लिने गर्दछन्।) – धम्मपद ३३४

भिक्षु नागसेनको अनुसार प्राणीहरूको जन्म, कर्म, योनि, कुल र प्रार्थना। यी ४ कुराहरूको आधारमा हुने गर्दछ। कसले कुन कुराको बशमा कहिले कहाँ जन्म लिने भन्ने कुरा प्राणीहरूले सम्पन्न गरेको पूर्व कर्मानुसार निर्धारण हुन्छ। पुण्यवान् व्यक्तिले आफूले चाहेको घरानामा अर्थात् अण्डज (फूलबाट), जरायुज (गर्भबाट), संस्वेदज (आर्द्रताबाट) र ओपपातिक (अनायास जन्मबाट) आदि छानेको कुलानुसार जन्म ग्रहण गर्न सक्दछ। यसरी आफूले चाहेको घरानामा आफूले छानेको कुल अनुसार जन्म ग्रहण गर्नुलाई कर्मको बशमा जन्मनु भनिन्छ। कोही प्राणीहरू आफ्नो कर्मानुसार आफू जन्मनु पर्ने योनिमा जन्मनुलाई योनिको बशमा जन्मनु भनिन्छ। कुनै कुनै अण्डज, जरायुज, संस्वेदज र ओपपातिक कुलका प्राणी त्यही कुल अनुसार जन्मने हुन्छ। यसलाई कुलको बशमा जन्मनु भनिन्छ। यसैगरी कुनै आयु क्षीण भइसकेका पुण्यवान देवपुत्र देवेन्द्रको प्रार्थना अनुसार कुनै उत्तम कुलमा जन्म ग्रहण गर्न जानुलाई प्रार्थना बशमा जन्मनु भनिन्छ।

बुद्धधर्मानुसार मनुष्य लोकमा आमाको गर्भमा प्रतिसन्धि ग्रहणगरी मानिसको जन्म हुन ३ अङ्गहरू पूर्ण हुनुपर्दछ–

१) आमाबुबा दुई जनाको सहवास (संगम) भएको हुनुपर्दछ।
२) आमामा ऋतु पुष्प फुलेको/ऋतुमती भएको हुनुपर्दछ र
३) भावी बच्चा हुने गन्धर्व पनि प्रत्युपस्थित रहेको हुनुपर्दछ। अर्थात् बाबुबाट प्राप्त शुक्रकीट (Sperm) र आमाबाट प्राप्त डिम्बाणु (Ova) र चेतनाको संगमबाट बच्चाको गर्भाधान सुनिश्चित हुन्छ।

ब्रह्माण्ड (अन्तरिक्षभरिमा अनन्त चक्रवालहरू छन्। स्थविरवादी परम्पराको बुद्धधर्मानुसार १ चक्रवालमा प्राणीहरूका लागि ३१ वटा लोक भूमीहरू छन्। ब्रह्मलोक २० वटा (रुप १६ र अरुप ४), देवलोक ६ वटा, अपाय/दुर्गति ४ वटा र १ वटा मनुष्य भूमी हुन्। ती लोक/भूमीहरूमा रहने प्राणीहरू दिनपछि रात अनि रातपछि दिनको सुरुवात भएजस्तै मृत्यु/पतन निश्चित हुन्छ, अवश्यम्भावी हो। आध्यात्मिक चिन्तन र धर्मानुसार मरणपछि पुनर्जन्म हुनु स्वभाविक धर्म हो, नियम हो। मनुष्यको मरणपछि कहाँ कुन लोकमा पुनर्जन्म हुन्छ भन्ने कुरा अहिलेसम्म अध्ययनकै विषय बनेको छ। तर बुद्धशिक्षा अनुसार सामान्यतः प्राणी हत्या गर्ने, अदत्त दान लिने, आफ्ना पुरुष स्त्रीदेखि परपुरुष वा परस्त्रीसंग सहवास गर्ने, असत्य बोल्ने, सुरापान गर्नेहरू ४ अपायमध्ये कुनै एक गतिमा उत्पन्न हुन्छन् जहाँ प्राणीहरू साह्रै दुःख, कष्ट र पीडामा रहन्छन्। मानिसहरू जसले आफूले सक्दो दान प्रदान गर्दछन्, जसले पञ्चशीलको पालन गर्ने र आफ्नो प्राणको बाजी राखेर पनि शील उलङ्घन नगर्ने पुद्गलहरू मृत्युपछि सामान्यतः कुनै न कुनै देवलोकमा पुनर्जन्म ग्रहण गर्दछन्।

*क्रमशः*


सन्दर्भ ग्रन्थहरू :

१) शाक्य, मोतिकाजी– अनुवादक (बु.सं. २५४६), मिलिन्द–प्रश्न (दोस्रो भाग), धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, धर्मकीर्ति विहार, श्रीघः, काठमाडौं।
२) वन्द्य, आर.बि. (बु.सं. २५३१), बुद्धधर्म र आधुनिक विज्ञान, नन्दसिद्धि गुभाजु, मखनटोल, काठमाडौं।
३) वन्द्य, आर.बि. (बु.सं. २५४५), आधुनिक विज्ञानको दृष्टिमा बुद्धधर्म, ज्ञानज्योति सहित, ठँहिटी, काठमाडौं।
४) गोरकम, एन.भी. (बु.सं. २०४१), जीवनको प्रत्येक घडीमा अभिधर्मको उपयोग (अनुवादक- आ.बि. बन्द्य), The Corporate body & Buddha Educational Foundation, Taipei, Taiwan




Downloaded from http://www.dhamma.digital

# एवं वादी महा श्रमण–१

✍ डा. गणेश माली

आज भन्दा करीब ६०० वर्ष अधिको कुरा हो । जबकि उत्तराखण्ड आजभोलीको नेपाल र उत्तरी भारत) मा परिव्राजकहरू (धुमन्ते साधुहरू) ज्ञानको खोजमा घुम्ने गर्दथे, र बुद्ध एवं अन्य सन्त महन्तहरू शिष्यहरूका साथ आफूले पाएको ज्ञान बाँड्दै घुम्दथे ।

त्यस बेलामा संजय नामको परिव्राजक राजगृहमा २५० परिव्राजकहरूका साथ रहन्थे । बुद्धका भाबी अग्रश्रावक हुने सारिपुत्र र मौद्गल्यायन पनि संजयसँगै रहन्थे । यी दुवैले परस्पर बाचा गरेका थिए कि जसले पहिले धर्मामूल (आँखा खोल्ने ज्ञान) भेट्टाउँछ, उसले अर्कोलाई पनि बताउनु पर्छ ।

यस्तैमा एक दिन भिक्षु अश्वजित (बुद्धका प्रमुख भिक्षुहरूमा एक) पूर्वान्ह समयमा भिक्षाटन गर्दै राजगृहमा प्रवेश गरे । उनलाई देखेर सारिपुत्रको मनमा यस्तो भयो– पक्का पनि यी तेजस्वी र बिनयी भिक्षु अर्हत वा अर्हत मार्गमा लागेको हुनुपर्छ । किन मैले यिनलाई नै नसोधुँ । यस्तो विचार गरी अश्वजितको नजिकै गई सारिपुत्रले सोधे "आवुस तिम्रो गुरू को हो ? कसलाई शास्ता मानेर प्रव्रजित भएका हौ ? तिमी कस्तो धर्म मान्छौं ?

"आवुस् जो शाक्य कुलबाट प्रव्रजित शाक्यमुनि महाश्रमण हुन् उनै भगवानलाई गुरू मानी प्रव्रजित भएको हुँ । उनै मेरो शास्ता हुन् । उनकै धर्म मान्छु ।"

"आबुस, म नयाँ हुँ । यो धर्ममा प्रव्रजित भएको धेरै भएको छैन । म लामो भन्न शक्तिन । संक्षेपमा तिमीलाई धर्म भन्छु ।"

"ठीक छ, आवुस । लामो वा छोटो भए पनि अर्थ (मुख्य कुरा) नै मलाई भन । अर्थ सँगै मेरो मतलब छ । लामो सुनेर के काम ?"

तब आयुष्मान अश्वजितले सारिपुत्रलाई यो धर्म पर्याय सुनाए –

**ये धम्मा हेतुप्पभवा तेसं हेतु तथागतो आह,**
**ते सं च यो निरोधो - एवं वादी महासमनो ।**

*अर्थ*– हेतु (कारण) बाट उत्पन्न हुने खालका जति धर्महरू (दुखादि धर्महरू) छन् । तिनीहरूको हेतु (समुदय) तथागत भन्नुहुन्छ, उनीहरू पनि जुन निरोध छ त्यो पनि यस्तो वादी हुनुहुन्छ । महाश्रमण सारिपुत्र परिव्राजकलाई यो धर्म पर्याय सुनेर जति पनि समुदय धर्म छन् सबै निरोध धर्म छन्– यो विरज विमल धर्म चक्षु उत्पन्न भयो ।

सारिपुत्रलाई धर्मामृत पाएको अनुभव भयो ।

उनले मौद्गल्यायनलाई भने

"मैले अमृत प्राप्त गरें ।"

"तिमीले कस्तो अमृत पायौं ?"

सारिपुत्रले अश्वजितसँग भएको जम्मै बृत्तान्त सुनाए ।

त्यसपछि दुवैले अश्वजितका शास्ता महाश्रमण कहाँ व्रह्म चरण (श्रेष्ठ जीवनयापन गर्ने) इच्छा प्रकट गरे ।

तब सारिपुत्रले संजय परिव्राजकलाई यी कुराहरू सुनाए ।

संजय परिव्राजकले भने– " हामीहरूलाई छोडेर नजाऊ । हामी दुवै मिली यी परिव्राजकहरूको देखभाल गरौंला ।"

त्यसपछि संजय परिव्राजकले मनाहि गर्दा गर्दै पनि, सारिपुत्रले जाने इच्छा प्रकट गरेको सुनी संजय परिव्राजकको दुःख वेदनाको कारण त्यही देहान्त भयो । तब सारिपुत्र र मौद्गल्यायनले संजयसँग रहेका २५० परिव्राजाकहरूलाई पनि साथमा लिएर जहाँ भगवान् तथागत विहार गरिरहनु भएको वेलुवन छ, त्यहीं गए । भगवान्ले टाढैबाट सारीपुत्र र मौद्गल्यायनहरू आएको देखेर भिक्षुहरूलाई संबोधन गरे– "भिक्षुहरू ! यी दुई मित्रहरू (मौद्गल्यायन) र उपतिस्स (सारिपुत्र) आइरहेका छन् ।

यी मेरा अग्रश्रावक युगल हुनेछन् ।"

तव सारिपुत्र र मौद्गल्यायन दुवै भगवान् रहनु भएकै ठाउँनिर गई अभिवादन दण्डवत गरी भने "भन्ते! हामी भगवान् कहाँ प्रव्रज्या पाऔं, उपसम्पदा पाऔं ।" भगवान्ले भन्नुभयो– "आउ भिक्षुहरू, धर्म सुआख्यात छ । राम्ररी दुःखको क्षय गर्न ब्रह्मचर्य चरण गर ।"

यसरी ती दुवै मित्रहरूको उपसम्पदा भयो ।

❖



Downloaded from http://www.dhamma.digital

# ललितपुर मछिन्द्रनाथको रथयात्रा

✍ **बखतबहादुर चित्रकार**

विश्वको सबभन्दा अग्लो हिमायलको नाउँ हो सगरमाथा हिमालय । सगरमाथाको दक्षिण फेदीमा अवस्थित सार्वभौमसत्ता राष्ट्रको नाउँ हो नेपाल । नेपाल एउटा बहुधार्मिक, बहुसाँस्कृतिक र बहुजातीय देश हो । हरेक जातिको भाषा र संस्कृती नै नेपाल राष्ट्रको गरिमामय पहिचान हो ।

नेपालका आदिजातिहरूमा नेपार जाति पनि एक हुन् । नेपार जातिलाई आजकल नेवार भन्छन् । नेवार जाति नै नेपाल उपत्यका आदिवासी हुन् । नेवार जातिका भाषालाई नेपालभाषा र संस्कृतिलाई नेपाल संस्कृति भन्छन् ।

संस्कृतिका दुई पाता छन्– पर्व र संस्कार । पर्व भनेको हामीले मनाउँदै आएका जात्रा, मेला, उत्सव, चाँडबाडहरू हुन् । संस्कार भनेको जन्मेदेखि मृत्युपर्यन्त गरिनुपर्ने कर्मकाण्डहरू हुन् ।

अब जात्रातिर लागौं । नेपालमा जात्राहरू दुई किसिमका छन् । खतजात्रा र रथजात्रा । खतजात्राहरू थुप्रै छन्– उपत्यकाभित्र तीन शहर र विभिन्न गाउँहरूमा । रथयात्रा भने तीन शहरमा मात्र सीमित छ । ती हुन्– काठमाडौंमा सेतो मच्छिन्द्रनाथको रथजात्रा, भक्तपुरमा भैरवको रथजात्रा र ललितपुरमा रातो मच्छिन्द्रनाथको रथजात्रा । यहाँ चर्चा गर्न लागेको जात्राको नाउँ हो ललितपुरमा मनाउने मच्छिन्द्रनाथको रथजात्रा ।

नेपालको रथजात्राहरूमध्ये ललितपुरको मच्छिन्द्रनाथको रथजात्रा प्रशिद्ध छ । ललितपुरको मच्छिन्द्रनाथलाई विभिन्न नाउँले पुकारेको पाइन्छ । ती नाउँहरू हुन् बुंगद्यो, बुंगमलोकेश्वर, लोकनाथ, करूणामय, आर्यावलोकितेश्वर, पद्यपाणिलोकेश्वर आदि ।

विभिन्न भाषावंशावलीमा नेपालमा १२ वर्षसम्म पानी नपरेकोले कामारूकामाक्षबाट नाथसम्प्रदायहरूले मच्छिन्द्रनाथलाई गोरखनाथको गुरू मान्छन । कामारूकामाक्षबाट ल्याएको कथाहरू प्रचलित छन् । त्यसमध्ये मैले पढेका सानो किंवदन्ति प्रस्तुत गर्छु–

पहिले पहिले उपत्यकाभित्रको तीन प्रमुख राज्यध्ये भक्तपुर पनि एक हो । यहाँका राजा गुणकामदेव थियो । उहाँको शासन वडो राम्रो थियो । गुणकामदेव राजाका ३२ लक्षणयुक्त एक छोरी थिइन् । राजकुमारीको नाम गुणलक्ष्मी थियो । एक रात गुणलक्ष्मी रून लागिन् । जति सम्झाए पनि रोई नै रहिन् । राजालाई रीस उठेछ र भने, “अब यिनलाई स्याललाई दिई पठाउनू ।”

केही समयपछि एक हुल स्यालहरू राजाको दरबारको अगाडि आएर कराउन थाले । राजा डराएर ज्योतिषसँग सोधे । ज्योतिषले बिन्ति गरे, “सरकारले स्याललाई केही दिन्छु भनी हुकुम बक्सेको होला । सोही वाचाअनुसार लिन आएको हो ।”

स्यालहरूको बथानमा एउटा सेतो स्याल थियो । ती सेतो स्याल अगाडि सरेर बिन्ति गरे, “हजुरले आफ्नो छोरी गुणलक्ष्मीलाई स्याललाई दिन्छु भनी हुकुम बक्सेको थियो । सो हुकुमअनुसार गुणलक्ष्मीलाई लिन हामीहरू आएका हौं ।”

राजाले आफूले बोलेका कुरा सम्झे । अनि ती सेतो स्याललाई दरबारमा बोलाए । राजकुमारी गुणलक्ष्मीले स्याललाई देखेर कराउन थाले, “म स्यालसित बिहे गर्छु । मलाई कन्यादान दिनुहोस् ।”

राजाले आफ्नो बचन गयो भनी ती स्याललाई आफ्नो छोरी राजकुमारी गुणलक्ष्मीलाई कन्यादान दिनुभयो । दाइजो र गुणलक्ष्मीलाई लिएर स्यालहरू फर्के । तिनीहरू ठूलो जंगल पार गरी एउटा गुफाभित्र पसे । गुफाभित्र ठूलो दरबार थियो । त्यहाँ सुनको सिंहासन थियो । सेतो स्याल गुणलक्ष्मीलाई साथै लगेर सिंहासनमा बसे । तब सबैले देखे स्याल त भगवान् श्रीनारायणको रूप । दाइजो बोकेर आउने दरबारका पाहुनाहरूलाई भोजन खुवाएर सबैलाई सुनको थाल एक एक ओटा दिई बिदाइ गरे ।

यी सबै कुरा भरियाहरूको मुखबाट सुनेपछि राजा ज्वाइ नारायणको दर्शन गर्न भनेर भारदारसहित गुफाभित्र पुगे । त्यहाँ आफ्ना छोरी गुणलक्ष्मीलाई भगवान् श्रीनारायणसँगै सिंहासनमा आनन्दसँग बसिरहेको देखे । र राजा गुणकामदेवले मनमनै आफूलाई धन्य सम्झे । भलोकुसारी पछि भगवान् श्रीनारायणले ससुरो गुणकाम राजालाई भने, “हजुरको के इच्छा छ ? भन्नुहोस् ।” *क्रमश:*



Downloaded from http://www.dhamma.digital

# बाबासाहेव डा. भीमराव अम्बेडकर – एक अध्ययन

✍ **कृष्ण कुमार प्रजापति**
नगदेश बुद्ध विहार

१. **जन्म** : महाराष्ट्र प्रान्त भारतको रतनगिरी जिल्ला स्थितको "अम्बावदे" ग्राम निवासी मौलाजी सकपालको नाति, सुबेदार मेजर (ब्रिटिश फौज) रामजी मौलाजी सकपाल र श्रीमती भीमबाईको कोखबाट चौधौं सुपुत्रको रूपमा इ.सं. १८९१ अप्रिल-१४ तारिखको दिनमा भीमराव रामजी अम्बेडकरको जन्म भएको थियो। वहाँको न्वारानको नाम थियो "भीम सकपाल"। वहाँहरू महार जातिका हुनु भएकोले "अछुत" को रूपमा कुदृष्टिबाट व्यवहार गरेको पाईन्छ। त्यस बेला भारतको महाराष्ट्रमा छुवाछुत र भेदभाव चरम अवस्थामा थियो। महार जाति अछुत भएतापनि महाराष्ट्रमा त्यो जाति बीर, बहादुर, निर्भिक, प्रतिभाशाली र सक्षम व्यक्तित्वको धनीको रूपमा नाम कहलिने कार्यहरू वहाँका सुयोग्य कर्मबीर पिता पूर्खाहरूबाट गरी आउनु भएको देखा पर्दछ।

भीम सकपालले आफ्नो उपनामको रूपमा आफ्नै गाउँको नामबाट विद्यालयमा भर्ना हुँदा भीमराव रामजी "अम्बाबडेकर" भनी नाम दर्ता गराउनु भयो। पछि सोही विद्यालयका ब्राह्मण शिक्षकले वहाँको उपनाम छोट्याई "अम्बेडकर" भनी विद्यालयको रजिष्टरमा सच्याई दिनु भयो। त्यसबेला देखि वहाँको नाम "भीमराव रामजी अम्बेडकर" हुन पुग्यो। अझ छोट्याई वहाँलाई सबैले "भीमराव अम्बेडकर" भनी सम्बोधन गर्नु भयो र त्यसैमा वास्तवमा लोकप्रसिद्ध हुन पुग्नु भयो। हुन त वहाँ आमाको गर्भमा रहनु भएको बेलामा वहाँको काका बाज्येले भविष्यवाणी स्वरूप वहाँको बुबालाई भन्नु भएको रहेछ कि "तुम्हारे (रामजी सकपाल) एक ऐसा पुत्रका जन्म होगा, वह विश्वविख्यात होगा !" नभन्दै वहाँको धर्मपत्नी भीमावाईको कोखबाट एक पुत्र रत्न उत्पन्न भयो, जुन सुयोग्य पिताको सुयोग्य पुत्रको रूपमा। भनाई नै छ, "Great Man comes in the great family"

२. **शिक्षा** : भीमराव अम्बेडकरले म्याट्रिक पास हुनु भएपछि एक गरिब परिवारका सुशील, नम्र र भद्र महिला "रमाबाई" सित प्रणयन सूत्रमा आबद्ध भै बैवाहिक जीवन यापन गर्नुभयो। विवाह पश्चात् पनि अध्ययन कार्यमा तीब्रता प्रदान गर्नु भयो, रतिभर पनि विश्राम लिनु भएन वहाँले। इं.सं. १९१२ मा बी.ए. उतीर्ण हुनु भयो भने ई.सं. १९१५ मा एम.ए.डिग्री हासिल गर्नु भयो। अनि वहाँले सन् १९१६ मा कोलम्बिया विश्वविद्यालयबाट Ph.D. उपाधि प्राप्त गर्ने हेतुले "National Dividend of India - A Historical and Analytical Study" नामक थेसिस प्रस्तुत गरी स्विकृति समेत प्राप्त गर्नु भई सो विषयमा Doctorate उपाधि समेत हासिल गर्नु भयो। तबदेखि वहाँलाई सबैले "डा. भीमराव अम्बेडकर" भनी सम्बोधन समेत गर्न थालियो। त्यसबेलाको परिस्थितिमा वहाँले Doctorate उपाधि हासिल गर्नु भनेको चानचुने कुरो होइन। वहाँ एक जना अछुत जाती, त्यसबेलाको छुवाछुत र जातिभेद, वर्णभेद जस्ता अमानवीय कुराबाट दमित भै थिचोमिचोमा रही बसी त्यसको विरूद्ध सशक्त भै लागि परेर पि.एच.डी. उपाधि प्राप्त गर्नमा कम मिहिनेतले पुग्ने विषय होईन होला। वहाँको कडा मिहिनेत र प्रयासबाट पि.एच.डी. उपाधि हासिल गरी अछुत जातिका प्रथम लोक प्रसिद्ध नेता "डा. भीमराव अम्बेडकर" हुनु भएको थियो। महामानव तथागत बुद्धको अजर अमर वाणी–

"कर्मले नै महान बनाउँछ, कर्मले नै निच तुल्याउँछ" पुनः एक पल्ट प्रमाणित र साबित भएको छ। डा. अम्बेडकरले कानून विषयमा अध्ययन गरी Bar at Law को उपाधि हासिल गर्नु भएको प्रमाण वहाँले बेला बखत अड्डा-अदालतमा अछुत जातिको पक्षधर भै निःशुल्क बहस पैरवी गर्नु भएको व्यहोरा वहाँको जीवन दर्शनको साथसाथै वहाँको व्यवहारयुक्त घट्ना अध्ययन गर्ने बेलामा अवगत हुन आउँछ। माथि नै उल्लेख भईसकेको छ कि वहाँले आफ्नो अध्ययनको क्रममा पि.एच.डी. डि.एस.सी र बार एटल जस्ता उच्च र सम्मानित उपाधि प्राप्त गर्नु भएको थियो। वहाँको जीवनी र दर्शन बारे दुई चार लेख लेखेर भ्याउने कुरो होइन।

*क्रमशः*



Downloaded from http://www.dhamma.digital

# यात्रा संस्मरण

## बुद्धको चारधाम र अन्य भारतका तीर्थस्थलहरूको भ्रमण

✍ डा. नानीमैयाँ मानन्धर भण्डारी

मैले बुद्धको चारधाम जीवनमा एकचोटी भ्रमण गर्ने ठूलो इच्छा राखेकी थिएँ। जीवनको अनेक व्यस्तताले गर्दा जान मिलेको थिएन। यहि २०७१ साल पौष महिनाको २१ गते सोमबारको दिनमा मेरी साथी इन्दिरा मानन्धरले बुद्ध पूजाको निमन्त्रणा गर्नु भएकी थिइन् । त्यसदिन मैले बुद्ध पुजामा पाल्नु भएका गुरूमांहरूसंग बुद्धको चारधाम लाने कार्यक्रम छ की भनेर प्रश्न गरेकी थिएँ। त्यही उपस्थित गुरूमाँहरू मध्ये मेतावती गुरूमांले हामी यहि माघ ५ गते जाँदैछौ र जाने भए छिटो खबर गर्नु, बसमा ठाउँ नपाइएला भन्नु भयो। उहाँको कुरा सुनेपछि जाने निधो गरें । तर मेरो श्रीमान गुल्मीमा कार्यक्रम भएकोले त्यहाँ गईसक्नु भएको थियो। मैले साँझ उहाँसंग फोनबाट कुरा गरिसकेपछि मेरो तीर्थयात्रा गर्ने निश्चित भयो । सोहि अनुसार गुरूमांलाई भेटी जाने निधो गरेथ्यो ।

पौष २८ गते राती मेत्तावती गुरूमांले मलाई फोनबाट भन्नुभयो, "जाने निधोत गर्नुभयो घरको एउटा साथी साथमा भयो भने राम्रो हुन्छ। त्यसैले श्रीमान् वा कोहि साथमा लिएर आउनुहोला । स्वास्थ्यको बारेमा डाक्टरसंगपनि सोधपुछ राम्ररी गरी आउनुहोला । त्यतिबेला मैले उहाँलाई मेरो स्वास्थ्यमा पहिले भन्दा राम्रो प्रगति भएको र डाक्टरले पनि राम्रैसंग जानु भन्नु भएको कुरा बताएकी थिएँ । मेरो साथी राज्यलक्ष्मी माडमले पनि मलाई जानको लागि प्रेरणा नै दिइराख्नु भएकी थिईन् ।

त्यही अनुसार मैले तयारीहरू गर्न थालें । काठमाडौंबाट माघ ५ गते यात्राको लागि हिंड्ने भनिएपनि नेपाल बन्दको सम्भावनालाई ध्यानमा राखी माघ ४ गते आइतबारनै काठमाडौंबाट भारतीय एयर कन्डिसन टुरिस्ट बस नं ६७१९ बाट "संघाराम विहार" काठमाडौंदेखिनै हिड्ने कुराको जानकारी गराउनु भयो । साँझ मेरो श्रीमान्ले पनि केहि चिन्ता नलिइकन हर्षित रूपमा तीर्थयात्र गरेर आउनु फोन गर्नुभयो ।

यात्राको समय निधोभएपछि माघ ४ गते आइतबारको दिन बिहान ५ बजेनै संघाराम विहारसम्म पुग्नु पर्ने भयो। उक्तदिन बिहान ३: ३० बजेनै उठेर चिया नास्ता खाएर मेरो घरमा बस्ने भाईको भ्यानबाट जाने भए। मेरो श्रीमानले पनि बिहान ४:०० बजेतिर नै तयारी भयो भएन भनेर गुल्मीबाट फोनमा सोध्नु भएको थियो । मेरी साथी राज्यले मलाई संघाराम विहार सम्म पुऱ्याउनु जानुभएको थियो । विहान अँध्यारै भएकोले घरबाट हामी ५ बजे मा हिंडेका थियौं र संघाराम विहारमा पुग्दा ५:३० भई सकेको थियो । धेरै जसो सहभागीहरू त्यहीं पुगिसकेका थिए । मलाई भने गुरूमांहरूले अगाडिकै सिटमा मिलाई दिनु भएकोले यात्र ज्यादै सहज र सरल भएको थियो । त्यसको लागि म उहाँहरूलाई साधुवाद ज्ञापन गर्न चाहन्छु ।

हामी काठमाडौंबाट बाटो बाटोमा पर्ने चार पाँचजना यात्रुहरूलाई बसमा चढाइसकेपछि "बुद्धको पुजा र वन्दना" साथ लुम्बिनी लाग्यौं । बिहानको खाना रामनगरको (चितवन) होटेल पुजामा खाएका थियौं । खाना खाइसकेपछि अरूसहयात्रीहरूले खानाखाइ नसकिएको भएर मैले त्यहाँ मेरी नन्द धुन्डिकाको सिद्धबाबा होटेल पुजा होटेल संगै भएकोले उहाँसँग भेट्न गएकी थिएँ । त्यसबेला हामी सहयात्री मध्येकी एउटी बहिनीले मलाई हराउलाउ भनेर खोज्न र दाक्न आएकी थिइन् । त्यतिबेला उनकी नाम थाहा थिएन् । लुम्बिनी पुगेपछि एउटै कोठामा बसेपछि भने उनको नाम दयालक्ष्मी भएको थाहा पाएथ्यें । दयालक्ष्मी नाम भएकोले नै होला उनीमा दयाभाव जागेको भनेर लाग्यो ।

त्यही दिन हामी साँझ ७:३० बजे लुम्बिनीको गौतमी विहारमा बास बस्न गयौं । त्यो विहार धम्मवती गुरुमांले बनाउनु भएको हो । त्यो विहारमा २०६५ साल, २०७० सालमा लुम्बिनी जाँदा पनि देखेकी थिएँ । त्यहाँ विहारमा पुगेपछि हामी बस्ने कोठातिर गएँ । *क्रमशः*



Downloaded from http://www.dhamma.digital

# ल्हासा पाक्वो श्री महामञ्जुश्री गुरू स्थानको संक्षिप्त परिचय

✍ **राज्य प्रभा शाक्य**
गुर त्ता–फू गुम्बा, श्री महामञ्जुश्री नगरकोट, न.पा.

**परिचय-** ल्हासा पाक्वो सः स्यू द्यो श्री महामञ्जुश्रीको स्थान काठमाडौं उपत्यकाको भक्तपुर जिल्ला को उत्तर पूर्वमा पर्छ। भक्तपूर जिल्लाको सुडाल गा.वि.स. वडा नं.६ मा अवस्थित डाँडामा पर्ने यस ठाउँमा महाचीनको पञ्चशिर्ष पर्वतबाट स्वयम्भू भगवानको ज्योती रूप दर्शन गर्न पाल्नु भएका वोधिसत्व महामञ्जुश्रीको पहिलो वास स्थानको रूपमा परिचित गुफा र ओडार छन्। यहाँ वि.सं. २००० सालमा निर्मित महामञ्जुश्रीको मन्दिर पनि छ यो मन्दिर भक्तपुरको इनाचोक अमोघ बज्रबुद्धाचार्यले निर्माण गर्नु भएको थियो।

त्रेता युगमा महाचीनको पञ्चशिर्ष पर्वतबाट महामञ्जुश्री बोधिसत्वको नेपाल आगमन भएको थियो। जुनवेला नेपाल उपत्यका सातकोष ब्यास भएको तलाउको रूपमा थियो। स्वयम्भू पुराणमा उल्लेख भए अनुसार यो तलाउको नाम निरञ्जन नागदहको महिमा बुझी दर्शन गर्न आउनु भएको र कालान्तरमा यस दहमा ज्योति स्वरूप धर्मधातु स्वयम्भू भगवानको उत्पत्ति हुने छ भनि ब्याकरण गर्नु भई एक पिंडालु यस दहमा रोपेर जानु भएको थियो। पछि यही पिंडालुबाट सुवर्ण रंगको कमलको फूल उत्पत्ति भै यही फूलमाथी ज्योति स्वरूप स्वयम्भू धर्म धातु भगवानको उत्पत्ति भएको थियो। यही स्वयम्भू भगवानको दर्शन गर्न महाचीनको पञ्चशिर्ष पर्वतबाट आफ्ना शक्ति स्वरूप दुई पत्नी केशनी र उपकेशनी सँगै लिई ल्हासा हुँदै सुरूङ्गको बाटे भई आउनु भएको र हाल उपत्यकाको उत्तर पूर्वमा रहेको पर्वतमा विराजमान भई स्वयम्भू भगवानको दर्शन गर्नु भएको हो भन्ने उल्लेख छ। साथै पुराणमा उल्लेख भए अनुसार उक्त पर्वतलाई मञ्जुश्री पर्वत वा मणिमण्डप गिरी पनि भनिन्छ।

पुराणमा उल्लेख भए अनुसार यस मञ्जुश्री पर्वतमा बस्नु भई तीन दिन तीन रात ज्योति स्वरूप स्वयम्भू भगवानको दर्शनार्थ एक चित्तभई आराधना गर्नु भए पछि स्वयम्भू भगवानले ज्योति रूप दर्शन दिनु भएको थियो दर्शन पछि महामञ्जुश्री बोधिसत्वको विचारमा एउटा अनौठो परिवर्तन आयो पोखरीको रूपमा रहेको काठमाडौं उपत्यकाको महत्त्व बुझी यस निरञ्जन नाग दहको रूपमा रहेको पानी बाहिर पठाउने जलमार्ग खोजी गर्नु भयो। आफ्नो विचारलाई साकार रूप दिन आफ्नो नाम मञ्जुदेव र आफ्ना दुई पत्नीको नाम वरदा र मोक्षदा नाम राखी वरदालाई फूलचोकी (फूलच्चो) र मोक्षदालाई ध्यानाच्यो पर्वतमा राखी मञ्जुश्री पर्वत मणिमण्डप गिरी देखि दक्षिण पर्वतमा गई होचोस्थानको अवलोकन गर्नुभई पहिले सुन्दरी जाल गल्छी, गोकर्ण गल्छि र चोभार गल्छीको कटुवाल आफ्नो चन्द्रहास खड्गले छेडन गरी नागदहको पानी निष्कासन गर्नु भयो। यसरी पानी निष्कासन गर्ने क्रममा नागहरूको बासस्थान भै राखेको दहको पानी सँगै सम्पूर्ण नागहरू र नागहरूका अधिपति कर्कोटक नाग पनि निस्कनु भएमा अनर्थ हुने बुझी अनेकन बिन्ति भाव क्षमा याचना गरी टौदह सरोवर निर्माण गरी सो टौदहमा बस्न अनुरोध गर्नु भयो।

महामञ्जुश्री बोधिसत्वको अनुरोध स्विकार गरी नागराजा कर्कोटक भेष संक्रान्तिका दिन देखि टौदह सरोवरमा निवास गर्न थाल्नु भएको कुरा स्वयम्भू पूराणमा उल्लेख गरिएको छ। सो सरोवर दक्षिणकाली जाने बाटोमा टौदहको नामले अहिले पनि प्रसिद्ध छ। यसरी महामञ्जुश्रीले उपत्यकाको पानी वाहिर पठाई बस्ती बसाली आफू सँगै स्वयम्भू भगवानको दर्शन गर्न आउनु भएको धर्माकर नाम गरेका ब्यक्तिलाई राज्याभिषेक गरी देश सञ्चालन गर्ने अभिभारा दिनु भएको थियो भन्ने कुरापनि पूराणमा उल्लेख गरिएको छ। पानी सुकेपछि स्वयम्भू भगवान विराजमान भएको बज्रकूट पर्वत सँगै सानो पर्वतमा सधैं स्वयम्भू भगवानको स्तुति गर्न एउटा चैत्य स्थापना गर्नु भयो, जुन चैत्य बज्रहरूको रूपमा र पर्वत मञ्जुश्री पर्वतको नामले अहिले पनि प्रसिद्ध छ। यसरी नै महामञ्जुश्रीले विक्रमशील महाविहारका महापण्डित धर्मश्रीमित्रलाई यही मञ्जुश्री पर्वत मण्डप गिरीमा दर्शन दिनुभई द्वादश अक्षरको गुह्ययार्थ ब्याख्यान गर्नु भएको कुरा पनि उल्लेख छ।

यस्तै महामञ्जुश्री आफ्नो सबै काम सिद्ध गरी आफ्ना शक्ति स्वरूप दुबै पत्नी सहित दिवंगत भई आफ्नै क्षेत्र पञ्चशिर्षमा नै फर्कनु भएको र नेपालका शिष्यहरूले महामञ्जुश्री सहित दुबै पत्नीको अस्थि जम्मा गरी पूजाका लागी चैत्य निर्माण गरेको कुरा उल्लेख गरिएको छ। यो चैत्य अहिले इनाचोका अमोघबज्रको जिर्णोद्वार गरेको हो। यहाँका वासिन्दाहरूको कठन अनुसार यस मञ्जुश्री मण्डपगिरीमा एउटा चैत्य थियो।

*क्रमशः*



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहार

# गतिविधि

## धम्मपद – पण्डितवर्ग

*२०७२ ज्येष्ठ २३ गते, शनिवार*

*प्रवक्ता- देवकाजी शाक्य*

*प्रस्तुती- राजभाइ तुलाधर*

**उदकं हि नयन्ति नेत्तिका, उसुकारा नमयन्ति तेजनं ।**
**दारूं नमयन्ति तच्छका, अत्तानं दमयन्ति पण्डिता ॥**

जसरी किसानले कुलो खनेर आफूलाई चाहिने ठाउँमा पानी लैजान्छ, बाण बनाउनेले बाणलाई चाहिने जत्ति तीखो पार्छ, सिकर्मीले काठलाई आवश्यकता अनुसार को आकार दिन्छ, त्यसरी नै पण्डितहरूले आफ्नो मनलाई दमन गरेर अकुशल प्रवृत्तिबाट टाढा राख्छ ।

श्रामणेर पण्डित सात वर्षको मात्रै थियो । एकदिन सारिपुत्र भन्तेसंगै भिक्षाटनमा गइरहेको बेला एउटा किसानले कुलो खनेर पानी लगिरहेको एउटा वाण-कारकले बाण तीखो पारिराखेको र एउटा सिकर्मीले काठलाई काँटछाँट गरेर निश्चित आकार दिइराखेको देख्यो । यी दृष्यहरू देखेर उसले सोच्यो कि यदि यस्ता निर्जीव वस्तुहरूलाई त आफुले भनेजस्तो पार्न सकिन्छ भने म चेतनशील व्यक्तिले आफ्नो मनलाई किन वशमा राख्न नसकुंला र ? यसरी सोचेर उ गम्भीर भएर ध्यानमा लाग्यो र अर्हत भयो । भगवानले पण्डितको सफलतालाई महत्त्व दिदै उपरोक्त गाथा व्यक्त गर्नुभयो ।

**सेलो यथा एकधनो – वातेन न समीरति ।**
**एवं निन्दा पसंसासु – न समिञ्जन्ति पण्डिता ॥**

जसरी कडा चट्टानबाट बनेको पहाडलाई हावा हुरीले हल्लाउन सक्तैन, त्यसरी नै निन्दा अथवा प्रशंसाले पण्डितहरूको मनमा कुनै प्रभाव पार्दैन ।

भद्दिय स्थविर पुड्को तर राम्रो स्वभाव भएको भिक्षु थियो । पुड्को भएकोले सबैले उसलाई लकुण्टक भद्दिय भन्ने गर्थ्यो । अरू भिक्षुहरूले उसलाई बराबर जिस्क्याउने गर्दथे, तर उ कहिल्यै रिसाउँदैनथ्यो, न त कसैलाई उसले गाली नै गर्दथ्यो । जव भगवानलाई उसको धैर्यको बारेमा भनियो तव वहाँले अर्हत भइसकेको व्यक्ति न त रिसाउँछ न अरूलाई दुर्वचन नै बोल्दछ भन्नु भयो । अनि वहाँले उपरोक्त गाथा ब्यक्त गर्नुभयो ।

**यथा पि रहदो गम्भीरो – विप्पसन्नो अनाविलो ।**
**एवं धम्मानि सुत्वान – विप्पसीदन्ति पण्डिता ॥**

जसरी एउटा ठूलो गहिरो ताल सफा र शान्त हुन्छ त्यसरी नै पण्डितहरूको मन धर्म श्रवण गरेर निर्मल हुन्छ ।

भगवानले यो गाथा काण र काणमाताको कारणमा भन्नु भएको थियो । काणमाताले आफ्नी छोरी काण घर फर्कने वेलामा दिएर पठाउँछु भनी केही मिठाईहरू बनाएकी थिइन् । भोलिपल्ट भिक्षुहरू तिनको घरमा भिक्षाटन आउँदा उनीहरूलाई दान दिएर मिठाइहरू सबै सक्यो । अर्को दिन काणमाताले फेरि मिठाइ बनाइन् तर त्यो पनि दोस्रो दिनको दानमा सक्यो । तेस्रो दिन पनि त्यस्तै भए पछि काण भिक्षुहरू देखि धेरै रिसाइन् । तर पछि भगवानको धर्मोपदेश सुनेर काणले ज्ञान प्राप्त गरिन् र स्रोतापन्न भइन् । काणलाई प्रशंसा गरेर भगवानले माथिको गाथा भन्नुभयो ।

## भूकम्पवारे केही जानकारी

*२०७२ वैशाख १९ गते, शनिवार*

*प्रवक्ता- मदन रत्न मानन्धर*

*प्रस्तुती- राज भाइ तुलाधर*

२०७२ वैशाख १२ गते दिनको १२ बजेतिर काठमाडौं उपत्यका सहित अन्य धेरै जिल्लाहरूमा शक्तिशाली भूकम्प गयो जसको कारण जनधनको अकल्पनिय क्षति भयो । यसै सन्दर्भमा भूगर्भविद् मदन रत्न मानन्धरज्यूले Visual सहित भूकम्पबारे विभिन्न जानकारीहरू दिनु भयो जसले गर्दा धेरैको त्रसित मनस्थितिमा केही राहत मिल्यो ।

धेरै दिनसम्म पटक पटक पराकम्प गइरहंदा सबै जसो नै भयभित थियो । सानो धक्का आउँदा पनि डराउने अवस्था थियो । तर ठूलो भूकम्प आइ सकेपछि केही हप्ता सम्म सानो सानो आइरहनु स्वाभाविक नै रहेछ । यसले गर्दा पहिले कै केन्द्रविन्दु वनाएर फेरी अर्को विनासकारी भूकम्प आउने संभावना टर्दै जान्छ ।

नेपालमा भूकम्पको मुख्य कारण Indian Plate र Tibetian plate (Eurasian plate) को जुधाई हो ।



Downloaded from http://www.dhamma.digital

Indian plate वार्षिक दुई सेन्टिमिटरको दरले Tibetian plate तिर सर्दैछ, तर Tibetion plate सर्दैन जसले गर्दा शक्ति संचय हुंदै जान्छ । यो शक्तिको मात्रा धेरै नै बढी भएपछि शक्तिशाली भूकम्प जान्छ । नेपाल भूकम्पीय दृष्टिकोणले अति जोखिम क्षेत्रमा पर्छ ।

पृथ्वीको सतहमा हुने कृयाकलापले भूकम्प जाने होइन। जमीन मुनि १५,२० किलोमिटर तल हुने शक्तिको विष्फोटले माथि सतहसम्म कम्पन गराउने हो। यो कम्पन चार प्रकारको हुन्छ। विशेषज्ञहरूका अनुसार १२ गतेको भूकम्पमा चारै प्रकारको कम्पन भएको थियो जसको कारण धेरै संरचनाहरू ध्वस्त भए । जापानमा धेरै ठूला ठूला भूकम्पहरू गइरहेका हुन्छन्, तर त्यहाँ हामी कहाँ जस्तो संरचनाहरू भत्कँदैनन् । यसबाट स्पष्ट हुन्छ कि हामी कहाँ धेरै जनधनको क्षति हुनुको मुख्य कारण पुराना तथा कमजोर संरचनाहरू नै हुन् ।

भूकम्प आयो भनेर एकदमै आत्तिएर जथाभावि भागदौड गर्नु हुँदैन। यस्तो गर्‍यो भने भूकम्पको कारणले भन्दा पनि आफ्नै बेहोसीको कारणले बढी चोटपटक लाग्न सक्छ। यो यो क्षेत्रमा भूकम्प आउने संभावना वढी छ भनेर भन्न सकिए पनि आजसम्म यही ठाउँमा यही समयमा भूकम्प आउँछ भन्न सक्ने प्रविधिको विकास भएको छैन । त्यसैले कुनै पनि वेला भूकम्प आयो भने त्यसको लागि न्युनतम पूर्व तयारीहरू के के गरी राख्नु पर्छ र आएको कुराको जानकारी सवैले राखेमा यस विपदको वेलामा सुरक्षित रहन मद्दत मिल्नेछ ।

धार्मिक दृष्टिकोणले हेर्ने हो भने भगवान बुद्धले भन्नु भएको छ कि भूकम्प जाने आठ कारणहरू छन् । जसमा सातवटा धार्मिक र एउटा प्राकृतिक प्रकोप छन् । धार्मिक कारणले जाने भूकम्पबाट कुनै क्षति हुँदैन । प्राकृतिक प्रकोपको कारणले हुने भूकम्पले मात्रै कहिलेकाहीँ अकल्पनिय विनास हुन सक्छ ।

## धर्मकीर्ति ज्ञानमाला भजनको गतिविधि

*२०७२ फागुण ९ शनिवार*

आचार्य भिक्षु कुमार काश्यप महास्थविरको तीन वर्षिय पुण्यतिथीको उपलक्ष्यमा बुद्ध विहार भृकुटी मण्डपमा ध.बौ.ज्ञा.भ. लाई निमन्त्रणा गरी ज्ञानमाला भजन प्रस्तुत गर्न लगाइएको थियो ।

यस उपलक्ष्यमा बुद्ध विहारका प्रमुख भिक्षु कौण्डञ्ञले धर्मकीर्ति ज्ञानमाला भजनलाई रू. ५५५५/– चन्दा प्रदान गर्नुभएको थियो

ध.बौ.ज्ञा. भजन तर्फबाट श्याममान वज्राचार्यले भिक्षु कौण्डञ्ञलाई ध.ज्ञा.भ.CD चढाउनु भएको थियो ।

## विषय– हेतु पच्चय सिद्धान्त र ब्यवहार

*२०७१ मंसीर १३ गते*

*प्रवचक- श्यामलाल चित्रकार*

*प्रस्तुति- मिनरवती तुलाधर*

यस दिन श्याम लाल चित्रकारले हेतु पच्चय सिद्धान्त र ब्यवहारको विषयमा प्रवचन दिनु भएको थियो । प्रवचनको क्रममा उहाँले भन्नुभयो ।

हेतु– जरा (मूल) ६ वटा छन् । तीः हुन्– लोभ, द्वेष, मोह, अलोभ, अद्वेष, अमोह पच्चय २४ वटा छन् । २४ पच्चय भएतापनि हेतु पच्चय सबभन्दा महत्वपूर्ण कारण हुन् । भगवान् बुद्धको धर्म हेतुवाद हो । हेतु, कारण बिना कुनैपनि कार्य गर्न सक्दैन । हेतु द्वारा नै धनी, गरीब, राम्रो, नराम्रो, दिर्घायु अल्पायु हुन्छन् ।

हेतुले नै पुण्य र पाप कर्म गराउँछ । भगवान् बुद्धले बताउनु भए अनुसार हामीले पनि सैद्धान्तिक ज्ञानको तर्फ वाट बुझ्नुपर्छ अभिधर्म अनुसार सांसारिक दुःखलाई हटाउन चित्तको स्वभावलाई बुझ्नु पर्छ । चित्तको प्रकार लाई थाहा पाउनु आवश्यक पर्छ । त्यसपछि व्यवहारमा लागु गर्न सकिन्छ ।

चित्तको प्रकार ८९ संक्षिप्त छन् । विस्तृतमा चित्तको प्रकार १२१ छन् ।

### बुद्ध सम्वन्धी केही जानकारीहरू –

- ★ सारिपुत्र र मौद्गल्यायनको परिनिर्वाण पछि भगवान् बुद्ध स्वयंले उनीहरूको अस्थि धातु राखी चैत्य बनाउन लगाएका थिए ।
- ★ भगवान्ले **पूर्णा** नामक दासीले फ्याकेको कपडाबाट चीवर बनाई लगाउनु भएको थियो जुन उहाँले भिक्षु महाकाश्यपको चीवरसँग बदल्नु भयो । यसरी बुद्धसँग चीवर साटेर लाउन पाउने व्यक्ति थियो भिक्षु महाकाश्यप ।
- ★ **नन्दकुमार** - सिद्धार्थको भाइ । पिता : शुद्धोदन । आमा : प्रजापति गौतमी । दिदी : नन्दाकुमारी (=जनपद कल्याणी) ।

*(साभार- बौद्ध दर्पण)*




Downloaded from http://www.dhamma.digital

# परियत्ति पुरस्कार वितरण




(फोटो सौजन्य- वीर्यवती)

*बौद्ध परियत्ति शिक्षा परिक्षामा उत्तिर्ण हुन सफल विद्यार्थीलाई पुरस्कार प्रदान गर्नुहुँदै भिक्षुणी धम्मवती*

अखिल नेपाल भिक्षु महासंघद्वारा सञ्चालित नेपाल बौद्ध परियत्ति शिक्षा अन्तरगत रहेको धर्मकीर्ति परियत्ति शिक्षा केन्द्रको तर्फबाट वि.सं. २०७१ सालको परिक्षामा उत्तिर्ण हुन सफल भएका विद्यार्थीहरूलाई धर्मकीर्ति विहार परियत्ति शिक्षा केनद्रले पुरस्कार वितरण गरेको छ ।

भिक्षुणी धम्मवतीको सभापतित्त्व, भिक्षु जुतिमोको प्रमुख अतिथित्त्व एवं धर्मकीर्ति संरक्षण कोषका कोषाध्यक्ष अजयरत्न स्थापितको विशेष अतिथित्त्वमा भिक्षुणी शुभवतीले सञ्चालन गर्नुभएको उक्त कार्यक्रम पञ्चशील प्रार्थना गरी शुभारम्भ गरिएको थियो ।

भिक्षुणी केशावतीले स्वागत मन्तव्य प्रस्तुत गर्नुभई भिक्षुणी धम्मदिन्नाले वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको उक्त कार्यक्रममा भिक्षु जुतिमो र अजयरत्न स्थापितले आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएका थिए भने धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका सचिव लोचनतारा तुलाधरले धन्यवाद ज्ञापन गर्नुभएको थियो । कार्यक्रमको अन्त्यमा भिक्षुणी धम्मवतीले सभापतिको आशनबाट ओवाद दिनुभई कार्यक्रम समापन गर्नुभएको थियो ।

भिक्षुणी धम्मदिन्नाले प्रस्तुत गर्नुभएको धर्मकीर्ति परिक्षा केन्द्रको वार्षिक प्रतिवेदनको सार संक्षेप यसरी रहेको छ–

यस धर्मकीर्ति परियत्ति शिक्षा कोष दाता द्वय सानुरत्न स्थापितबाट रू. १ लाख र आशिष तुलाधरबाट र रू. ५ हजार चन्दा सहयोग प्राप्त भएपछि स्थापना भएको हो ।



Downloaded from http://www.dhamma.digital



(फोटो सौजन्य- अरुणशिद्धि तुलाधर)

*परियत्ति शिक्षा उत्तिर्ण विद्यार्थीहरूबाट पुरस्कार ग्रहण पश्चात् सामुहिक तस्विर खिचाउँदै साथमा गुरुमां र अन्य सहभागीहरू*

यसरी नै प्रत्येक वर्ष कक्षा १ देखि कक्षा १० सम्म बोर्ड प्रथम, दुत्तिय र तृतीय हुन सफल विद्यार्थीहरूलाई अंगुरमान/सूर्यलक्ष्मी पुरस्कारको रुपमा प्रदान गर्नको लागि उहाँ दाताहरूबाट रू. ५० हजार रकम प्रदान गरिएको थियो ।

प्रत्येक वर्ष सद्धम्म पालक र कोविद तह उत्तिर्ण हुन सफल विद्यार्थीहरूलाई प्रत्येकमान/जगतशोभा स्मृति पुरस्कार प्रदान गर्नको लागि दाता सिद्धार्थमान र डा. सुमनकमल तुलाधरले रू. ५० हजार रकम चन्दा प्रदान गर्नुभएको थियो ।

प्रत्येक वर्ष यस केन्द्रबाट कोविद परिक्षा उत्तिर्ण हुन सफल प्रत्येक विद्यार्थीलाई भिक्षुणी धम्मवतीबाट रू. १ हजार पुरस्कार प्रदान गर्दै आउनु भएकोमा यसपाली ४ जना विद्यार्थीहरूले उक्त पुरस्कार प्राप्त गर्न सफल भएका छन् ।

यसरी नै दाता प्रकाश वीर सिंह तुलाधरबाट समय समयमा रू. १५ सय रूपैयाँ चन्दा प्राप्त भइरहेको छ ।

दाता श्याममान बज्राचार्यबाट पनि हरेक वर्ष बुद्ध मूर्ति प्रदान गरी पुण्य सञ्चय गर्नुभएको छ ।

यसपाली परियत्ति पुरस्कार वितरण कार्यक्रमको लागि विभिन्न दाताहरूबाट रू. ५ हजार चन्दा सङ्कलन भएको छ ।

**बुद्ध सम्वन्धी केही जानकारीहरू –**

★ बुद्ध कपिलवस्तु पुगेको तेश्रो दिनमा उहाँले भाइ **नन्दकुमार**लाई प्रवजित गरेका थिए ।

★ नन्दकुमार भगवान्भन्दा चार इन्च होचो थिए ।

*(साभार- बौद्ध दर्पण)*

पुरस्कारको लागि कूल रू. ३१,६५०/– खर्च भएको छ । हालसम्म धर्मकीर्ति परियत्ति कोषमा जम्मा रू. ३ लाख ३५ हजार सङ्कलित छ ।

परिक्षामा सफल विद्यार्थीहरूलाई यसदिन पुरस्कार प्रदान गर्नुहुने महानुभावहरू यसरी रहेकाछन्–

भिक्षु जुतिमो, भिक्षुणी धम्मवती, भिक्षुणी धम्मदिन्ना, अजयरत्न स्थापित, अंगुरमान तुलाधर, सूर्यलक्ष्मी तुलाधर, पञ्चवीर सिंह तुलाधर र श्याममान बज्राचार्य आदि ।

कार्यक्रम समापन पश्चात् उष्णीषतारा तुलाधर, न्यू नेपाल प्रेसको तर्फबाट कार्यक्रममा उपस्थित हुनुभएका सबैलाई जलपानको व्यवस्था मिलाउनु भई पुण्य सञ्चय गर्नुभएको थियो ।

**धर्मकीर्ति विहारमा बुद्धपूजा र धर्मदेशना**

| २०७२ आषाढ–श्रावण | बुद्धपूजा गर्नुहुने गुरुमांहरू | धर्मदेशना गर्नुहुने गुरुमांहरू |
|---|---|---|
| आषाढ ९ गते, बुधवार, अष्टमी | शुभवती | वीर्यवती |
| आषाढ १७ गते, विहिवार, अनला पुन्हि | शुभवती | धम्मवती |
| आषाढ २४ गते, विहिवार, अष्टमी | अमता | दानवती |
| आषाढ ३१ गते, विहिवार, औंशी | शुभवती | केशावती |
| श्रावण १ गते, शुक्रवार | सुवण्णवती | भिक्षु निग्रोध |



Downloaded from http://www.dhamma.digital

# वि.सं. २०७१ या धर्मकीर्ति अश्वघोष सम्मान व धर्मकीर्ति धम्मवती सम्मान कयादीपिनिगु बःचाहाकःगु म्हसीका

*प्रस्तुती- दीना कंसाकार*

## मदनरत्न मानन्धर

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी छुंदँ न्ह्यः निसें बिया वयाच्वंगु धर्मकीर्ति अश्वघोष सम्मान वि.सं. २०७१ गोष्ठीया ४३ औं बार्षिक भेलास श्रद्धेय भिक्षु अश्वघोष भन्ते पाखें बहुआयामिक व्यक्तित्व भाजु मदन रत्न मानन्धरयात लः ल्हानाविज्यात। धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीइ दुने च्वनाः सक्रिय एवं निंस्वार्थ भावं गोष्ठीया गतिविधिइ उल्लेखनिय योगदान यानादीपिं सदस्यपिन्त सम्मान याइगु थ्व सिरपा खः।

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीइ निरन्तर प्रत्यक्ष व अप्रत्यक्ष रूपं योगदान बिया च्वना दीम्ह मिजंम्ह सदस्ययात धर्मकीर्ति अश्वघोष सम्मान देछाइगु अथेतुं धर्मकीर्ति धम्मवती सम्मान मिसापिन्त बिइगु ग्वसाःकथं थ्व सम्मानं सम्मानित जुयादीपिंनिगु धलः थथेदु बरदेश मानन्धर, मीना तुलाधर, अगम्य रत्न कंसाका, प्रफुल्ल कमल तुलाधर व डा. सुमन कमल तुलाधर।

मदन रत्न मानन्धरया अबुजु मणि रत्न मानन्धर मां शान्त देबी जीवित जूगु जूसा थः काय्यात थ्व सम्मानं छाय्पीगु स्वय्खंगु जूसा गुलि लय्ताइजुई। तिरी मय्जु साधना मानन्धर व काय्, म्ह्याय् तसकं लय्ताइगु स्वाभाविक जुहे जुल।

त्रिचन्द्र क्याम्पसया भूभर्ग शात्रया सह प्राध्यापक भाजु मदन रत्न मानन्धर बौद्ध क्षत्रेय् उलि हे लोकं व्हाःम्ह व्यक्ति खः। बहु आयामिक व्यक्तित्वया कारणं विभिन्न संघ संस्थाय् आबद्ध जुयाः ग्यसुलाःगु पलाः न्ह्याकाच्वंम्ह वय्कःयात भ्मी सकस्यां म्हस्यूम्ह हे खत। भाजु मानन्धर बौद्ध धर्मय् ज्ञान गुण सिइकेत न्ह्याब्लें न्ह्यब्वाम्ह खः। धर्मकीर्ति विहारय् भाजु मानन्धरजु प्रवेश जूगु इले वरदेश मानन्धर अध्ययन गोष्ठिई ल्कास न्ह्याका च्वनादीगु खः उबले बरदेशजुं भाजु मानन्धरया प्रतिभां प्रभावित जुयाः क्लासे न्ववाय्गु जिम्मा वयकःयात बियादिल थःगु ताःलाकेत ग्वाहाली याना दीपि धर्मकीर्ति विहारया दुजःपिं प्रकाश बज्राचार्य व बरदेश मानन्धरयात वयकःनं न्ह्याब्लें आभार प्वंका दी।

वि.सं. २०४२/२०४३ सालंनिसें गोष्ठीया ल्यू छयान्जे जुयाः ज्यायानादीम्ह भाजु मदन रत्न मानन्धर २०४३/२०४४ सालय् थःहे छयान्जे जुयादिल। उलि जक मखु धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया २०४४-२०४९ साल तक न्वकू कथं जिम्मेवारी पुरा यानादिल। थःगु कार्यकाल्य अध्ययन गोष्ठीयात सुव्यवस्थित कथं न्ह्याके गु भ्ह्वलय् हरेक दँय बार्षिक भेला यायेगु, छयान्जेया पाखें प्रतिवेदन गोष्ठीइ पेश यायगु थें महत्वपूर्णगु ज्याया शुरूवात यानादिल। वरदेश मानन्धर नापं सहकार्य यानाः बुद्ध शिक्षाया आधारभूत शिक्षा व प्रारम्भिक शिक्षाया पाठ्यक्रम दयकेगु ज्यानं सुथां लाकः यानादिल।

त्रिपिटक अनुवादयाय्गु भ्ह्वले दुजः पिं १० म्हेसित बुद्ध विहारय् न्यान्हु यंक कक्षा सञ्चालन यानादिल। २०६५ जेष्ठ ११ गते निस धर्मकीर्ति विहारे अंगुत्तर निकायया कक्षा कया वया च्वना दीगु दु।

२०६८ चैत्र ११ निसें शनिवार पतिकं पाली भाय्या कक्षा संचालन याना दीगु दुसा २०६९ असार १ गते निसे धर्मकीर्ति विहारया गुरूमांपिन्त दीघनिकाय ध्वाथुइका च्वना दिइगु दु।

धर्मकीर्ति विहारे जक सक्रिय भूमका म्हिता दिइगु मखुसें वय्कलं अन्य विहार धार्मिक क्षत्रय् नं उलि हे ग्वाहालि याना दिइगु दु धैगु थन न्ह्यथने मास्ते वः

- धर्मकीर्ति शिक्षा सदन सदस्य
- धर्मकीर्ति वौद्ध अध्ययन गोष्ठीया सल्लाहकार
- अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्रया सल्लाहकार
- प्रज्ञानन्द स्मृतिग्रन्थ प्रकाशन समितिया सदस्य
- श्री शाक्यसिंह विहार संरक्षण तथा विकास तदर्थ समितिया सदस्य
- बौद्ध जागरण शिविर उपत्यका लगायत लमजुंग, तनहुँ, दांग, उदयपुरया प्रशिक्षक नं खः।
- वयकलं धार्मिक गतिविधि नापनापं सामाजिक, भाषा क्षेत्रय् योगदान बिया च्वनादीगु दु।

वकःया कृति थथे दु–

बौद्ध बिश्वास (भाग-३) (अनुवाद); मानव स्वभाव



Downloaded from http://www.dhamma.digital

(अनुवाद); महानारद जातक, (अनुवाद); विभिन्न पत्रपत्रिका बुद्धधर्म सम्बन्ति लेख, विभिन्न पत्रपत्रिकाय् भूभर्ग शास्त्र सम्बन्धि लेख ।

थाय् थासं वय्कयात पदक तथा पुरस्कारं नं विभूषित याःगु दु ।

धर्मकीर्ति संरक्षण कोषया कार्यकारिणी सदस्य व अध्ययन गोष्ठीया सल्लाहकार जुयाः बौद्ध क्षेत्रय् कर्मयोगी मदन रत्न मानन्धरयात सम्मान लःल्हाना दिइपिं आयोजक कमिति धन्य खः । थथे दय्‌दसं उपासक उपासिकापिनिगु कर्मयोगदानयात उच्च मूल्यांकन यासें थ्व सम्मान लःल्हाय्‌गु ग्वसाः ग्वयावयाच्वंगु थ्व पलाः खं भविष्ये बुद्धधर्म विकासयाय्‌त तब्यागु लंपु जूवनी तिनि । हानं छकः लिसाकासें न्ह्याब्लें जागृत एवं सक्रिय, मेहनती व जिम्मेवारी गबलेंनं लिमचिलीगु वयकः यागु स्वभावयात भ्रीसं आदर याय्‌माः । सेवाया भावनाय् थःगु दिन चर्यान्ह्याकीम्ह जूगुलिं गुरूमापिं व उपासक उपासिकापिनीगु दथुइ न्ह्याब्लें प्रियपात्र जुयादिल । भाजु मदन रत्नं छिगु पलाः बुद्धधर्म बिकास यायेत जक मखु समाजयातहे बिकास यानादी धकाः मनंतुनाच्वना ।

## डा. सुमन कमल तुलाधर

वि.सं. २०७१ धर्मकीर्ति धम्मवती सम्मान मय्‌जु डा. सुमन कमल तुलाधरयात लःल्हात । भाजु अंगूरमान तुलाधर व मय्‌जु सूर्यलक्ष्मी तुलाधरया तःधिम्ह म्ह्याय् सुमन कमल सन् १९९४ स अमेरीकाया University of Massachuatts पाखें शिक्षाया ख्यलय् विद्यावारिधि याना दीगु खः ।

वय्‌कः थौंकन्हय् , युनिसेफ, नेपाल कन्ट्री अफिसय् Education Section य् Education Specialist जुयाः ज्या याना च्वनादीगु दु ।

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी नीस्वंगु इलं निसें सकृय जुया दीम्ह वय्‌कः अध्ययनया सिलसिलाय् विदेशय् च्वंतले तापात नेपाः लिहाँ भ्फाय्‌व हाकनं विहार व गोष्ठीयात माः कथं गुहाली याय्‌गु व सल्लाह साउति बीगु धाःसा आः तकं न्ह्यानाच्वन । धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीस दकलय् न्हापां कार्य समिति वि.सं २०३० दयेकूगु इलय् वय्‌कः कोषाध्यक्ष खः । उगु इलय् गोष्ठीया न्ह्यागु नं ज्या भ्वः जुइवलय् उद्घोषण वय्‌कलं हे याना दी । वय्‌क न्हापांम्ह उद्घोषक खः । विदेशी बौद्ध विद्वान् पिनिगु लसकुस ज्याभ्वः जुइबलय् लसकुस न्वचुबिया दीम्ह नं वय्‌कः हे खः । अश्वघोष भन्ते व धम्मवती गुरुमांया नेतृत्वय् गांगामय वनाः धर्म प्रचार याःवनेगुलिई मुख्य भूमिका म्हिताः गोष्ठीया सकल दुजःपिन्त नेतृत्त्व याना दी । ध्यानकुटी विहार भ्वंतय् २०३२ सालय् सामूहिक ऋषिणी प्रव्रज्याया शुरुवात यानाः वय्‌कःपिनिगु मिसा पुचलं सकसिंतं ऋषिणी प्रव्रज्या जुइगुया लँ क्यना दिल । अथे हे गोष्ठीया मिसा सदस्यपिनि लागि खद्दरया यूनिफर्म तयेगु ज्या शुरु याना दिल । बुद्ध जयन्तीबलय् अस्पतालय् बिस्कुट इनेगु ज्याय् उगु इलय् स्वयंसेवक परिचालनाया संयोजक जुया दिल ।

सन् १९८६ स धम्मवती गुरुमांया प्रवचन अडियो क्यासेट दयेकाः प्रचार प्रसार यायेगु ज्याय् नं अग्रसर जुयाः पासा पिनिगु गुहालिं थ्व ज्या न्ह्याका दिल । थ्वहे ज्यायात निरन्तरता बीकथं लिपा धर्मकीर्ति अडियो भिजुयल कमिटी नीस्वन ।

विदेशं अध्ययन क्वचाय्‌काः लिहाँ भ्फाये धुनेवं वय्‌कलं भन्ते गुरुमां पिन्त स्वास्थ्य कोष दयेकेत भूमिका म्हिता दिल । शाक्यधिता अन्तर्राष्ट्रिय गोष्ठीया कार्य समितिया सदस्य जुया दीम्ह वय्‌कलं शाक्यधिता, नेपाल च्याप्टर नीस्वनेगु ज्याय् पहल याना दिसे थौं कन्ह्य् वय्‌कः थुकिया Vice President जुया च्वना दीगु दु । शिक्षा क्षेत्रया विकास यायेगु थःगु लागाया ज्या याना दीम्ह वय्‌कः धर्मकीर्ति शिक्षा सदनया बोर्डया सदस्य नं खः धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया सल्लाहकार वय्‌कलं "धर्मकीर्ति" पत्रिकाया प्रकाशनया इलँनिसें च्वसु च्वयेगु याना च्वना दीगु दु । विभिन्न राष्ट्रिय व अन्तर्राष्ट्रिय बौद्ध सम्मेलनय् कार्यपत्र प्रस्तुत याना दी धुंकूम्ह वय्‌कः "पञ्चवीरसिं सिरपाः" विजेता नं खः । थुकथं वय्‌कलं धर्मकीर्ति परियत्ति केन्द्र, बाल बौद्ध चित्रकलाया पुरस्कार दातां नं जुयाः बुद्धधर्म प्रवर्द्धन, प्रचार प्रसार ज्याय् मदिक्क गुहालिं याना च्वना दिल । थुगुसीया "धर्मकीर्ति धम्मवती सम्मानं" जुया दीगुलिं वय्‌कःयात यक्व भिंतुना नापं थुकथं हे बुद्ध शासनयात तिवः बिया दी धैगु मनंतुना ।

**बुद्ध सम्वन्धी केही जानकारीहरू –**

★ बुद्ध कपिलवस्तु पुगेको तेश्रो दिनमा उहाँले भाइ **नन्दकुमार**लाई प्रवजित गरेका थिए ।

*(साभार- बौद्ध दर्पण)*



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहार स्वर्ण महोत्सव–२०७१ समापन समारोह



(फोटो सौजन्य- प्रविण महर्जन)

*पुस्तकहरू विमोचन गर्नुहुँदै महानुभावहरू*

*२०७२ श्रावण २ गते, शनिवार*
*स्थान- क्षेत्रपाटी पार्टी, पालेस, क्षेत्रपाटी*

यसदिन धर्मकीर्ति विहार स्वर्ण महोत्सव २०७१ समापन समारोह सम्पन्न भयो । गत वैशाख १३ गते सञ्चालन गरिने भनिएको यस कार्यक्रम वैशाख १२ गते को महाभूकम्पको कारणले स्थगित हुन पुगी यसदिन सम्पन्न गरियो ।

संघिय मामिला तथा स्थानिय विकास मन्त्री एवं उपप्रधानमन्त्री प्रकाशमान सिंहको प्रमुख आतिथ्यमा अरुणशिद्धि तुलाधरले सञ्चालन गर्नुभएको उक्त कार्यक्रम भिक्षुणी धम्मवतीको सभापतित्वमा सम्पन्न भएको थियो ।


संघनायक भिक्षु अश्वघोषले पञ्चशील प्रार्थना गराउनु भएपछि समारोहका संयोजक प्रफुल्ल कमल ताम्राकारले स्वागत भाषण गर्नुभएको उक्त कार्यक्रममा धर्मकीर्ति प्रकाशनको रुपमा प्रकाशित ५ वटा पुस्तकहरू विमोचन भएका थिए ।

पुस्तकहरूको नाम र विमोचन गर्नुहुने महानुभावहरूको नाम यसरी रहेका छन्–

| पुस्तक | सम्पादन/लेखन | विमोचन |
|---|---|---|
| १. आधारभूत बुद्ध शिक्षा | इन्दावती गुरुमां | उपप्रधानमन्त्री प्रकाशमान सिंह |
| २. ध.की.बौ.अ. गोष्ठी शनिवारिय कक्षा | श्यामलाल चित्रकार | संघनायक भिक्षु अश्वघोष |
| ३. धर्मकीर्तिया लुखां | इन्द्रकुमार नकर्मी | भिक्षुणी धम्मवती |
| ४. नुगः दुने धम्मवती | श्रद्धाचारी गुरुमां | चमेली गुरुमां |
| ५. नेपालमा थेरवाद बुद्धधर्म चुनौती र उपलब्धी | प्रीतिवती गुरुमां<br>रामेश्वरी महर्जन<br>दीना कंसाकार<br>अमीता तुलाधर | द्रव्यमान सिंह तुलाधर |



Downloaded from http://www.dhamma.digital



(फोटो सौजन्य- प्रविण महर्जन)

*पुस्तक विमोचन गर्नुहुँदै द्रव्यमान सिंह तुलाधर*

सो पश्चात् भिक्षु अश्वघोष र भिक्षुणी धम्मवतीलाई प्रमुख अतिथी प्रकाशमान सिंहबाट कृतज्ञता ज्ञापनपत्र चढाइएको थियो । उक्तपत्र अगाम्यरत्न कंसाकारले पढेर सुनाउनु भएको थियो ।

कार्यक्रमका प्रमुख अतिथीले आफ्नो मन्तव्य व्यक्त गर्नुहुँदै जनताले धर्मनिरपेक्षको अर्थलाई सही ढंगले बुझी यसलाई ठीक तरिकाले प्रयोग गर्नुपर्ने विषयमा प्रकाश पार्नु भएकोथियो ।

सो पश्चात् संघ नायक भिक्षु अश्वघोष महास्थविरले प्रमुख अतिथीज्यूलाई धर्मकीर्ति पत्रिकाको विशेषाङ्क र चैत्य धर्मोपहारको रुपमा प्रदान गर्नुभएको थियो ।

धर्मकीर्ति विहार स्वर्णमहोत्सव २०७१ को प्रतिवेदन मदनरत्न मानन्धरले प्रस्तुत गर्नुभएपछि स्वर्ण महोत्सव कार्यक्रमको सिलसिलामा आवश्यक विभिन्न क्षेत्रमा रही आ-आफ्नो जिम्मेवारी निभाउनु हुने सम्पूर्ण महानुभावहरूलाई धर्मोपहार प्रदान गरिएको थियो ।

त्यसपछि संघनायक भिक्षु अश्वघोष महास्थविरले ओवाद देशना दिनुहुँदै धर्मकीर्ति विहारले धर्मप्रचार क्षेत्रमा पुऱ्याएको योगदानमा धम्मवती गुरुमांको विशेष स्थान रहेको विषयमा प्रकाश पार्नुभयो । उहाँले भन्नुभयो– "हाल धम्मवती गुरुमांको स्वास्थ्य कमजोर भएको कारणले धर्मकीर्ति विहारले पहिला जस्तो काठमाडौं बाहिरका जिल्लाहरूमा धर्मप्रचार कार्यक्रम सञ्चालन गर्न सकिरहेको छैन ।"

कार्यक्रमको अन्त्यमा डा. रीना तुलाधरले धन्यवाद ज्ञापन गर्नुभएपछि भिक्षुणी धम्मवतीले सभापतिको आसनबाट ओवाद दिनुहुँदै बुद्ध शासन चिरस्थायी बनाउनको लागि भिक्षु, भिक्षुणी, उपासक र उपासिकाको महत्वपूर्ण भूमिका रहनुपर्ने विषयमा जोड दिनुभयो । उहाँले भन्नुभयो– "आज जति पनि बुद्ध शिक्षा प्रचार हुन सकेको छ, यी चारवटै क्षेत्रबाट आ-आफ्नो क्षेत्रमा रही आवश्यक भूमिका निभाउन सकेको कारणको नतिजा हो । तैपनि प्रव्रजित व्यक्तिहरूले बुद्ध शिक्षालाई गहन रुपमा अध्ययन गरी कमसेकम पाली भाषाको परित्राण पाठ शुद्ध रुपले पाठ गर्नसक्नु अत्यावश्यक रहेको कुरा उल्लेख गर्नुहुँदै सभापतिको आशनबाट सभा विसर्जन गर्नुभयो ।

यसदिन सभामा उपस्थित सबै महानुभावहरूलाई धर्मकीर्ति विहारका मासिक एवं वार्षिक भोजन समूहहरूको तर्फबाट जलपान प्रायोजन गरी पुण्य सञ्चय गरेका थिए ।




(फोटो सौजन्य- प्रविण महर्जन)

*मन्तव्य व्यक्त गर्नुहुँदै उपप्रधानमन्त्री प्रकाशमान सिंह*



Downloaded from http://www.dhamma.digital

# लुम्बिनी विकास कोषका उपाध्यक्ष भिक्षु निग्रोध सम्मानित



(फोटो सौजन्य- डा. रीना तुलाधर)

*भिक्षुणी धम्मवतीले भिक्षु निग्रोधलाई सम्मानपत्र चढाउनुहुँदै*

*२०७२ श्रावण १ गते*
*स्थान- धर्मकीर्ति विहार, धम्महल*

लुम्बिनी विकास कोषको उपाध्यक्ष पदमा २ वर्षका लागि नियुक्त हुनुभएका थेरवाद बुद्धिष्ट एकेडेमीका सचिव भिक्षु निग्रोधलाई यसदिन धर्मकीर्ति विहारले सम्मान गरियो ।

धर्मकीर्ति विहारको ४ उद्देश्यहरू मध्ये "स्वदेशी तथा विदेशी बौद्ध विद्वानहरूलाई सम्मान गर्ने" पनि एक उद्देश्य रहेको छ । यही उद्देश्य अनुसार यस कार्यक्रम धर्मकीर्ति विहार संरक्षण कोषका अध्यक्ष भिक्षुणी धम्मवतीको सभापतित्त्व एवं भिक्षु निग्रोधको प्रमुख अतिथित्त्वमा सञ्चालन गरिएको थियो ।

कोषका उप कोषाध्यक्ष अरूणसिद्धि तुलाधरले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा कोषका सचिव प्रफुल्ल कमल ताम्राकारले स्वागत भाषण गर्नुभएको थियो भने सदस्य मदन रत्न मानन्धरले भिक्षु निग्रोधको छोटो परिचय पनि प्रस्तुत गर्नुभएको थियो ।

सो पश्चात् भिक्षुणी धम्मवतीले भिक्षु निग्रोधलाई सम्मानपत्र प्रदान गर्नुभएको थियो । उक्त सम्मानपत्र अरुणसिद्धि तुलाधरले पढेर सुनाउनु भएको थियो । त्यसपछि कोषका उपाध्यक्ष द्रव्यमान सिंह तुलाधरले भिक्षु निग्रोधलाई धर्मोपहार चढाउनु भएको थियो । सो पश्चात् कोषका अन्य पदाधिकारीहरूले पनि खादा तथा फूलको गुच्छा चढाई उहाँलाई सम्मान गरिएको थियो ।

भिक्षु निग्रोधले आफ्नो मन्तव्य व्यक्त गर्ने क्रममा "लुम्बिनी विकास कोषको उपाध्यक्षको रुपमा रहेको कार्यकाल अवधि भित्र सरकारसंग सम्वन्ध राख्दै लुम्बिनीको विकास कार्यलाई अगाडि बढाउनु भन्नु नै धर्मको अस्तित्वलाई लामो अवधिसम्म टिकाउनु हुनेछ । काम गर्न कठिन त अवश्य छ । तैपनि पछि नहटी आफूलाई ठूलो चुनौती सामना गर्ने अवसर आएको महसूस गर्दै यस कार्यमा लगनशीलतापूर्वक लाग्ने प्रण व्यक्त गर्नुभयो ।

कार्यक्रमको अन्त्यमा सभापतिको आशनबाट बोल्नुहुँदै भिक्षुणी धम्मवतीले भिक्षु निग्रोधको कार्यकालमा पवित्र लुम्बिनी क्षेत्रको साथसाथै भगवान् बुद्धले सिकाउनु भएको अमूल्य शिक्षाको पनि उन्नति हुँदै जावस् भनी शुभकामना व्यक्त गर्नुभयो । अन्त्यमा उहाँले पुण्यानुमोदन गर्नुहुँदै कार्यक्रम समापन गर्नुभयो ।

☸



Downloaded from http://www.dhamma.digital

धर्म प्रचार — समाचार

# चीनमा प्राज्ञिक भ्रमण




*नेपाली बौद्ध प्राज्ञिक एक सप्ताह व्यापि चीन भ्रमणमा*

बि.सं. २०७१ असार २२-२७ गते, चीन । China Association for Friendship (CAF) को निमन्त्रणामा नेपालका १० जना प्रतिनिधि मण्डल एक सप्ताहव्यापि प्राज्ञिक भ्रमणमा उपस्थित भई काठमाडौं फर्किनुभयो। पेइजिङ्गस्थित China Tibetology Research Center को भवनमा सम्पन्न सेमिनारमा ८ जना नेपाली तथा ४ जना चिनीया प्राज्ञिक व्यक्तित्त्वहरूबाट असार २३ गतेका दिन नेपाल र चिनीया संस्कृति, धर्म, कला तथा इतिहाससँग सम्बद्ध भृकुटीको देन, बुद्धधर्म सम्बद्ध संस्कृति र इतिहास, महायान-वज्रयान तथा थेरवाद-बुद्धधर्मको पुनर्जागरण सम्बन्धी १२ वटा कार्यपत्र प्रस्तुत गरियो । Sino-Nepal Tibetan Buddhist Forum अन्तर्गत नेपालको तर्फबाट क्रमशः Nepal Constitution Foundation का अध्यक्ष एवं नेपाल ल क्याम्पसका सहप्राध्यापक गणेशदत्त भट्ट, इतिहासका प्राध्यापक एवं लुम्बिनी बौद्ध विश्वविद्यालयका पूर्व उपकुलपति डा. त्रिरत्न नारायण मानन्धर, अखिल नेपाल भिक्षु महासंघका महासचिव भिक्षु कोण्डन्य, लु.बौ.वि. का डीन डा. भद्ररत्न वज्राचार्य, त्रि.वि.वि. बौद्ध अध्ययन केन्द्रीय विभागका प्रमुख डा. मिलनरत्न शाक्य, हिमालयन बुद्धधर्मका ज्ञाता डा. रमेश ढुङ्गेल, त्रि.वि.वि. इतिहास विभागका प्रमुख डा. शंकर थापा, संयुक्त राष्ट्र संघका विकास कार्ययोजना सम्बद्ध सुश्री प्रदिप्ती भट्टबाट गरी जम्मा ८ वटा कार्यपत्र प्रस्तुत गरियो। यसरी नै चीनको तर्फबाट तिबेतन बुद्धधर्मसम्बन्धी ज्ञाताहरू Douge Cairang, Deji Zhuoma, Dawa Cairen & Li Maocuo बाट ४ वटा कार्यपत्र प्रस्तुत गरियो । सो भ्रमणदलमा पूर्वमन्त्री एवं धर्मोदय सभाया उपाध्यक्ष इन्द्रबहादुर गुरुङ्ग, धर्मकीर्ति विहारका भिक्षुणी पञ्ञावतीको पनि उपस्थिति रहेको थियो। CAF बा महासचिव Zhao Xiwen लगायत विभिन्न विशिष्ट व्यक्तित्त्वहरूले भ्रमणदलका अतिथिहरूलाई उच्चतर स्वागत तथा सम्मान गरेको थियो । सेमिनार समापनपछि तिबेतन बुद्धधर्मसम्बन्धी संग्रहालयको अवलोकन गराइयो। त्यसपछि बेइजिङ्गबाट ६०० कि.मि. टाढा रहेको Wutai Mountain परिसरको ऐतिहासिक, धार्मिक, साँस्कृतिक अवलोकन भ्रमण गराइएको थियो। त्यस क्षेत्रमा प्रख्यात नेपाली कलाकार अरनिकोले निर्माण गरेको स्वेत चैत्यलाई अत्यन्त महत्त्वकासाथ संरक्षण गरिएको छ भने जहाँतहिँ मञ्जुश्रीको मूर्ति स्थापना गरी पूजा गर्ने जीवित परम्परा यथावत कायम रहेको छ ।

*प्रेषक- **भिक्षु कौण्डञ्य***
*बुद्ध विहार, भृकुटी मण्डप*



Downloaded from http://www.dhamma.digital

# नरः बुद्ध विहार, हाँडिगाउँमा बुद्ध पूजा र धर्म देशना

*प्रस्तोता- श्री श्यामलाल चित्रकार*

नरः बुद्ध विहारमा हरेक महिनाको पहिलो शनिवार बुद्ध पूजा र धर्म देशना कार्यक्रम हुँदै आएकोमा २०७२ बैशाख महिनाको पहिलो शनिवार ५ गते औंसी आमाको मुख हेर्ने दिन परेकोले अर्को शनिवार बैशाख १२ गते धर्मकीर्ति विहारका श्रद्धेय वीर्यवती गुरूमांले उपस्थित उपासक उपासिकाहरूलाई पञ्चशील प्रार्थना गराई बुद्ध पूजा पछि धर्म देशना गर्नु भयो । गुरूमांले प्रायः जसो मानिसमा रहेको अर्काको चियो चर्चा गर्ने दुर्गुण हटाउने प्रयासरत हुने विषयमा धर्म देशना गर्नु भयो । धम्मपद गाथा नं. ५० मा भगवान बुद्धले दिनु भएको उपदेश “अर्काको दोष र अर्कालेले के गऱ्यो के गरेन भनी हेर्नु भन्दा आफ्नो दोष र आफूले के गरे गरिन भनी हेर्नुनै बेस छ” वारे चर्चा गर्नु भयो ।

बुद्ध पूजा गर्नु र बुद्ध जयन्ती मनाउनु बुद्धको गुण स्मरण गर्नका लागि हो । तर हामीले विहान आँखा खोले देखि अर्काको दोष मात्र देख्छौं । अर्काको दोष खोतल्दै गर्दा झगडा मात्र भई रहन्छ । राग द्वेष मात्र बढी रहन्छ । जन्मे पछि एक दिन मर्नु पर्छ भन्ने थाहा छ तर कुन रोग लागेर, कुन बेला र कुन ठाउँमा मर्ने हो थाहा छैन । मरण देखि सबैलाई भय छ । नडराईकन मर्न सौभाग्य पाउन आँखा बन्द गरी हरेक क्षण आफूले आफूलाई हेर्ने अभ्यास गर्नु पर्छ । अरूको विषयमा वास्ता नराखी आफ्नै दोषमा मात्र ध्यान दिई बस्दा पछि अरहत्वफल सम्म प्राप्त गरी निर्वाण लाभ गर्ने नङ्गलकुल स्थवीरको कथा गुरूमांले सुनाउनु भयो ।

नङ्गलकुल स्थवीर भिक्षु हुनु भन्दा पहिले हलो बोकी काम खोज्दै हिंड्ने एक गरीब किसान थियो । भिक्षाटनमा गएको बेला एक भिक्षुले बाटोमा त्यसलाई देखि दया लागेर विहारमा लगी भिक्षु बनाई दियो । त्यस्ले आफ्नो पुरानो झुत्रो लुगा र हलो विहार बाहिर एक कुनामा लुकाई राखेको थियो । त्यस नङ्गलकुल भिक्षुलाई सजिलै सित खान बस्न पाए पनि ध्यान बस्न गाह्रो लाग्यो । भिक्षुत्त्व त्यागेर पुरानै अवस्थामा फर्कन मनमा आईरहन्थ्यो । तर त्यो बेला त्यो झुत्रो लुगा राखेको ठाउँमा गई पुरानो दयनीय अवस्थालाई सम्झन्थे र फर्केर आई ध्यानको अभ्यासमा लाग्थे । त्यसरी अभ्यास गर्दा गर्दै क्रमशः श्रोतापन्न, सकृदागामी, अनागामी र अरहत फल सम्म प्राप्त गरे । त्यस पछि त्यो झुत्रो लुगा भएको ठाउँमा जान छोडे । नङ्गलकुल भिक्षुको चालचलन चियो गरी बस्ने अन्य भिक्षुहरूले त्यस्को व्यवहारमा आएको परिवर्तन देखेर विहार बाहिर जान किन छोडेको भनी सोध्दा नङ्गलकुल भिक्षुले जवाफ दिनु भयो “मेरो चित्त संयमीत भई सक्यो अब गुरू कहाँ जानु परेन” । अहो त्यो भिक्षुले अरहतले जवाफ दिए जस्तो दियो भनि भगवान बुद्ध कहाँ चुगली गर्न गए । भगवान बुद्धले त्यो नङ्गलकुल भिक्षुले आफ्नो चित्त मयल सबै हटाई अरहत भई सकेको पुस्टि गर्नु भयो । चुगली गर्ने भिक्षुहरूले भिक्षु नङ्गल कुलसँग क्षमा मागे । अन्तमा श्रद्धेय वीर्यवती गुरूमांले अरूलाई उपदेश दिन सजिलो छ तर आफुले पालन गर्न गाह्रो छ भनी धम्मपद नं. १५९ को गाथा उल्लेख गर्नु हुँदै धर्म देशना टुंग्याउनु भयो ।

**अत्तानं चे तथा कयिरा – अथञ्ञमनुसासति ।**
**सुदन्तो वत दम्मेथ – अत्ता हिं किर दुद्दमो ॥**

*अर्थ*– अरूलाई अनुशासन गर्नुछ भने पहिले आफै त्यस्तो बनी दिनु पर्दछ । आफुलाई दमन गर्नु पर्दछ । आत्म दमन गर्नु नै ज्यादै गाह्रो कुरो हो ।

यस कार्यक्रममा उपस्थित उपासक उपासिकाहरूलाई स्वागत र श्रद्धेय वीर्यवती गुरूमांलाई कृतज्ञता ज्ञापन उपासक श्री श्यामलाल चित्रकारले गर्नु भएको थियो ।

## भगवान् बुद्धको २५५९ औं पूण्यतिथि

बुद्ध सम्बत्को नयाँ वर्ष २५५९ को नव दिन बैशाख पूर्णिमा, स्वाँया पुन्हीको दिनमा भगवान् बुद्धको जीवनमा जुरेको त्री-संयोग (जन्म, सम्बोधि लाभ र महापरिनर्वाण) जस्ता महान् घट्नाको गुणानुस्मरण गरी २५५९ औं पूण्यतिथि मनाई भव्य बुद्ध पूजा गरी नगदेश बुद्ध विहारमा प्रवचन कार्यक्रम सम्पन्न गरियो ।

उक्त कार्यक्रममा प्रमुख अतिथिको रूपमा भिक्षुणी केशावती गुरूमां पाल्नु भएको थियो । शुभारम्भमा नगदेश ज्ञानमाला भजन खलःका कल्याण मित्रहरूले ज्ञानबर्द्धक ज्ञानमाला भजन गाउनु भएको थियो भने तत्पश्चात् प्रमुख अतिथि केशावती गुरूमाँले अष्टशील-पञ्चशील प्रार्थना गराई बुद्धपूजा कार्य संचालन गर्नुभएको थियो ।



Downloaded from http://www.dhamma.digital

नगदेश बौद्ध समूहका का.वा. अध्यक्ष दीपक राज साँपालको अध्यक्षता संचालित उक्त कार्यक्रममा समूहका सचिव उपासक कृष्ण कुमार प्रजापतिले स्वागत भाषण गर्नुभएको थियो भने माननीय न्यायधिश लक्ष्मी कृष्ण श्रेष्ठले बुद्ध शिक्षाको महत्त्व विषयमा प्रकाश पार्नुभएको थियो । केशावती गुरूमांले धर्मदेशना गर्नुभएको उक्त कार्यक्रममा भगवान बुद्धको अस्थिधातु पनि दर्शन गराइएको थियो ।

## मैत्री बोधिसत्त्व विहारमा बुद्धपूजा र धर्मदेशना

मैत्री बोधिसत्त्व विहार, जमलमा यसदिन कुसुम गुरूमांले बुद्धपूजा कार्यक्रम संचालन गर्नुभई धर्मदेशना गर्नुभएको थियो ।

श्रीघः ज्ञानमालान भजन समूहबाट ज्ञानमाला भजन प्रस्तुत गरिएको उक्त कार्यक्रममा उपासिका समूहबाट जलपानको व्यवस्था मिलाईएको थियो ।

जलपान दाताहरूको नाम यसरी उल्लेख गरिएका छन्– दानकेशरी शाक्य, हरीवदन वज्राचार्य, चिनीया देवी शाक्य, मथुरा शाक्य, कमल शोभा तुलाधर आदि ।

उक्त समूहले ज्ञानमाला भजनलाई रू. २५००।– सहयोग स्वरूप चन्दा प्रदान गर्नु भएको थियो ।

## दान गरेको आँखाको सफल प्रत्यारोपण

उपासिका नानी मय्जु साँयजू आफ्नो कालगतिले ८८ वर्षको उमेरमा देहावसान हुनु भयो ।

देहावसान पश्चात् भोलिपल्ट बिहान सबेरै वहाँको परिवारजनको सहमतिमा दुबै आँखा तिलगंगा आँखा प्रतिष्ठानका सहृदयी चिकित्सक मार्फत दान गरियो । यसरी दान–उपपारमितानुभावद्वारा गरेको आँखा मध्ये एउटा आँखा धादिङ्ग सिम्पानी गा.वि.स निवासी ३९ बर्षीय "बोहरा" थरका युवा व्यक्तित्वलाई सफल प्रत्यारोपण गरियो भने अर्को आँखा रसुवा, धुन्चो निवासी ३७ बर्षीय "घिसिङ्ग" थरका युवा व्यक्तित्वलाई सफल प्रत्यारोपण गरेको, बुझिन आएको छ ।

अतः नगदेश वौद्ध समूहले यस्तो दान – उपपार मितानुभावद्वारा मृतक उपासिका नानी मय्जु साँयजुको सद्गति र निर्वाण कामना शोकाकूल घडीमा मृतक परिवारजनले धैर्य धारण गर्न सकुन्भनी कामना गरिएको समाचार प्राप्त भएको छ ।

## मसानमा निर्मित चैत्य उद्घाटन
## (अनावरण)

विश्वशान्तिको कामनार्थ एवं दिवंगत पितृस्नेही पिता पूर्ण बहादुर तकोको सद्गति एवं निर्वाण कामना गरी मसान-दिपमा दाता उपासक तुल्सी बहादुर तको र उपासिका गणेश माया तको प्रमुखबाट निर्मित शान्तिका प्रतिमूर्ति– "चैत्यराज" श्रद्धेय भिक्षु विपस्सी महास्थविर ज्यूको करकमलबाट दीप प्रज्ज्वलन गरी विधिवत उद्घाटन गर्नु भयो भने शुभारम्भमा श्रद्धेय भिक्षु वर सम्बोधिज्यूले पञ्चशील प्रार्थना गराउनु भई बुद्ध पूजा गरियो । सो कार्यक्रममा श्रद्धेय भिक्षु वरसम्बोधिले बौद्धकालिन घटनायुक्त धर्मोपदेश गरी पूण्यमयी कार्यबाट जीवन आयु अभिबृद्धि हुने बारे रोचक उपदेश समूहका सचिव उपासक कृष्ण कुमार प्रजापतिले उपदेश दिनुभई स्वागत भाषण गर्दै चैत्यको ऐतिहासिकता एवं सान्दर्भिकता बारे चर्चा गरी भगवान् बुद्धले समेत बैशाली, सारन्दद, चापाल चैत्य जस्ता ऐतिहासिक चैत्य र स्थानको दर्शन-पूजन गर्नु भएको थियो । चैत्यलाई पालि भाषामा "चेत्तिय" हुने भनी चर्चा गरी चैत्यहरूको विभिन्न किसिम वा प्रकारको हुने बारे चर्चा गरी आज उद्घाटित नवनिर्मित "चैत्यराज" धर्म धातु चैत्य" भएको बारे उल्लेख गर्नु भयो ।

प्रमुख अतिथि श्रद्धेय भिक्षु विपस्सी महास्थविरज्यूले सुसिम जातकको धर्मोपदेश गरी "धर्मचक्र प्रवर्तन सूत्र" पाठ गर्नु भएको थियो । सो पूण्यमयी सभाको अध्यक्षता समूहका अध्यक्ष दीपक राज सापाले गर्नु भएको थियो ।

अन्तमा सामूहिक पूण्यानुमोदन गरिएको थियो ।

## बुद्ध मूर्ति र गुलपाः दान

*२०७१ फागुण १६ । वागवजार ।*

गुलपाः रत्न (जीवरत्न) तुलाधरले यस दिन आफ्नो निवास स्थान बागवजारमा बुद्ध मूर्ति र गुलुपा (पात्र) दान गर्ने कार्यक्रम सम्पन्न गरिएको समाचार छ ।

ज्ञानमाला भजनबाट शुरू गरिएको उक्त कार्यक्रममा भिक्षुणी गुरूमांहरूबाट पञ्चशील प्रार्थना गराइएको थियो ।

गुलपाः दाता तुलाधरले यस अघि विभिन्न विहार एवं गुम्वाहरूमा बुद्धमूर्ति दान गर्नु भएको थियो । प्राप्त



Downloaded from http://www.dhamma.digital

समाचारमा यसको लगत यसरी प्रस्तुत गरिएको छ ।

बुद्धमूर्तिहरू दान गरिएका गुम्बाहरू –

- नवबुद्ध विहार सिन्धुपाल्चोक
- कर्मा छोईलुङ्ग गुम्वा समुन्द्रादेवी नुवाकोट
- सिखन गुम्बा ललितपुर
- नेपाल मगर बौद्ध विहार समाज जिल्ला कार्यसमिति ललितपुरका प्रतिनिधिहरू

गुलुपाः दान गरिएका विहारहरू –

- बुद्ध विहार तौखेल ललितपुर
- शुभ मंगल विहार थानकोट
- जय मंगल विहार चंकिटोल, ललितपुर
- ईच्छा बुद्ध विहार तनहुँ गुहितार जुगेडीका प्रतिनिधिहरू ।

यसरी हालसम्म बुद्धमूर्ति ३९ थान र गुलपाः ८९ गोटा विभिन्न विहारहरूमा दान गरि सकेको विषय बारे समाचारमा उल्लेख गरिएका छन् ।

दान गरिएका गुलुपाहरूलाई राम्ररी संरक्षण गर्ने विहारहरूका लागि १ वर्षको एकपटक पुरस्कार प्रदान गर्नको लागि दाता जीवरत्नबाट अक्षय कोष पनि स्थापना गरिसकेको कुरा समाचारमा उल्लेख गरिएको छ । समाचारमा उल्लेख भए अनुसार पोहर साल देखि "गुलुपा रत्न सिरपा" नाम गरिएको पुरस्कार प्रदान गर्दै आएको सिलसिलामा यसपाली सुमंगल विहार लुँखुसीका श्रद्धेय भिक्षु पञ्ञासार र सुलक्षण कीर्ति विहार चोभारका भिक्षुणी अनोजालाई यो पुरस्कार हस्तान्तरण गरिएको थियो ।

## डा. अम्बेडकरको १२४ औं जयन्ती

नव वर्ष २०७२ को शुभ-उपलक्ष्यमा एवं बोधिसत्त्व बाबासाहेव डा. भीमराव अम्बेडकरको १२४ औं वर्षगाँठको उपलक्ष्यमा जन्म जयन्ती मनाई नववर्ष २०७२ बैशाख १ गते तदनुसार अप्रिल १४ तारिखको दिनमा नववर्ष २०७२ को मङ्गल कामना गरी बाबासाहेब डा. अम्बेडकर को गुणानुस्मरण गरी नगदेश बौद्ध समूहले बुद्ध पूजा कार्य सम्पन्न गरिएको समाचार छ । तत्पश्चात् नगदेश बुद्ध विहारका उपासक द्वय आशानरसिंह धुँमन र काजी बहादुर सिंकेमनले कार्यक्रम उद्घाटन गराई प्रवचन कार्यक्रमको शुभारम्भ गरियो । सो कार्यक्रममा समूहका सचिव उपासक कृष्णकुमार प्रजापतिले भारत रत्न, बोधिसत्त्व भारतिय संविधान निर्माता, दलित वर्गका मसिहा, बाबासाहेब डा. भीमराव अम्बेडकरको जीवनी एवं ऐतिहासिक योगदान बारे चर्चा गर्नुभयो । महामना डा. अम्बेडकरको जन्म मित्रराष्ट्र भारतको महाराष्ट्र प्रान्तको रत्नागिरी जिल्ला स्थितको "अम्बाबडे" ग्राममा ई.सं. १८९१ अप्रिल १४ तारिखको दिनमा भएको थियो । सो व्यक्तिले अछुत जातिको पक्षमा निरत्नर संघर्ष गरी अछुत एवं दलित वर्गलाई समानताको अधिकार दिलाउने कार्य गर्नुभयो भने गत ई.सं. १९५६ अक्टोबर १४, महान विजया दशमीको दिनमा समस्त भारतिय दलित वर्गको विजय भएको आभाष दिई श्रद्धेय चन्द्रमणि महास्थविरको तर्फबाट पञ्चशील प्रार्थना गरी गराई १० लाख भन्दा बढीको संख्यामा बुद्ध धर्ममा प्रवेश गराउनु भएको ऐतिहासिक संस्मरण गरिन्छ । महाराष्ट्र प्रान्तको ऐतिहासिक साँस्कृतिक क्षेत्र नागपुरमा सो पवित्र कार्यले कार्यसिद्धिता हासिल भएको थियो । अतः यस्ता महान व्यक्तित्वको गुणानुस्मरण गर्दै नववर्ष २०७२ को प्रवेशकै दिनमा १२४ औं डा. अम्बेडकरका जन्म जयन्ती मनाएको थियो । यस्ता पूण्यमयी कार्यबाट वहाँ जस्ता महान व्यक्तित्त्वको सद्गति र निर्वाण कामना गरी नववर्ष २०७२ को शुभ उपलक्ष्यमा हार्दिक मंगलमय शुभ कामना समेत व्यक्त गरिएको थियो ।

## धर्मकीर्ति पत्रिकालाई सहयोग

मैत्री केन्द्र बाल आश्रम ध्यानकुटी विहार बनेपाबाट धर्मकीर्ति पत्रिकाको उत्तरोत्तर प्रगति कामना गरी रू. २०००/– चन्दा सहयोग प्राप्त भएको छ ।

यसरी नै उपासिका लीला कंसाकार प्रधानबाट पनि रू. १००/– चन्दा सहयोग प्राप्त भएको छ ।


धर्मकीर्तिले उक्त दाताहरूको पनि उत्तरोत्तर प्रगति कामना गर्दै साधुवाद व्यक्त गरेको छ ।



Downloaded from http://www.dhamma.digital

बा.अ.का.द.नं. - ७०/०४०/४१ म.क्षे.हु.नि.द.नं. १७/०६५/६६

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं ऊपसमो सुखो**



*जन्म :*
वि.सं. १९९८ माघ २८ गते

*दिवंगत :*
२०७० श्रावण २४ गते





# दिवंगत प्रा. डा. श्याम रत्न शाक्य

जिमि अतिकं हनेवहःम्ह जहान **प्रा.डा. श्याम रत्न शाक्यज्यू** थ्व संसारया अनित्य स्वभावयात स्वीकार यासें आकाभ्काकां दिवंगत जुया बिज्याःगु निढं ढुगु तिथि स्मरण यासे वसपोल सुखावति भुवने वास लाय्मा धकाः कामना यासे पुण्यानुमोदन यानाच्वना ।

*जहान* – **लक्ष्मी सुन्दरी शाक्य**

*म्ह्याय्* – **सुश्री प्रफुल शाक्य**

*कायूपिंः – भौपिंः*

***श्रीराज*** – **ओमी शाक्य**

***प्रज्वल राज*** – **विदिता शाक्य**

*म्ह्यायूपिंः – जिलाजंपिंः*

***लुना*** – **राजेन्द्र शाक्य**

***मन्जुश्री*** – **सुरेन्द्र लाल हाडा**

*छ्यूपिंः*

**लुविना शाक्य, जयश्री हाडा, रियान राज शाक्य, प्रणव राज शाक्य**

मुद्रकः न्यू नेपाल प्रेस प्रधान कार्यालयः १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं | फोनः ४४३४८५०, ४४३४७५३ | email: newnepalpress011@gmail.com
सम्पर्क कार्यालयः शुक्रपथ, काठमाडौं | फोनः ४२५९०३२, ४२५९४५०

Downloaded from http://www.dhamma.digital

# THE DHARMAKIRTI

**A BUDDHIST MONTHLY**




(फोटो सौजन्य- अरुणसिद्धि तुलाधर)

धर्मकीर्ति सामुदायकि स्वास्थ्य केन्द्र भवन शिलान्यास गर्ने सम्बन्धमा धम्मवती गुरुमां र नेपालका लागि भारतका राजदूतद्वारा संयुक्त रुपमा **"नेपाल भारत सहयोग स्मृति"** शिलापत्र अनावरण गरिंदै ।

वर्ष–३३; अङ्क–३

बु.सं. २५५९, असार पुन्हि

Downloaded from http://www.dhamma.digital

## ध्यानकुटी मैत्री केन्द्र बाल आश्रमलाई सहयोग

१) Ven. D. Seewali Thero, USA $200/-
२) भिक्षु प्रज्ञालोक महास्थविर सुमंगल विहार स्व. बुबा रत्नलाल मानन्धरको पुण्यस्मृतिमा भोजनको लागि रू. ५०००/–
३) सूर्यमाया चित्रकार, मैतीदेवी – रू. ३०००/–
४) अनगारिका शोभावती – रू. २०००/–
५) दानदेवी शर्मा, ताहाचल, छाउनी – रू. २०००/–
६) चम्पादेवी शर्मा, लगन – रू. १०००/–
७) गौरी संकर मानन्धर – रू. १५००/–
८) दीपक श्रेष्ठ, बनेपा – रू. १५००/–
९) नानी मैंया गुरुङ्ग, जोरपाटी – रू. १००५/–
१०) भिक्षु शोभित महास्थविर, गणमहा विहार – रू. १०००/–
११) चन्द्र बहादुर मानन्धर, चसाँद – रू. १०००/–
१२) दुर्गादेवी मानन्धर, चसाँद स्व. न्हुछे बहादुर मानन्धरको पुण्यस्मृतिमा – रू. १०००/–
१३) अकील शोभा मानन्धर, चसाँद – रू. १०००/–
१४) माया मानन्धर, चसाँद – रू. १०००/–
१५) केशचन्द्र शाक्य, बनेपा – रू. १०००/–
१६) बुध्द भक्त रंजित, बनेपा – रू. १०००/–
१७) सुशिला मानन्धर, चसाँद – रू. ५००/–
१८) रिता मानन्धर, चसाँद – रू. ५००/–
१९) सुशिला मानन्धर, चसाँद – रू. ५००/–
२०) जमुना मानन्धर, चसाँद – रू. ५००/–
२१) शाक्य वाच, बनेपा-१० – रू. ३००/–
२२) लक्ष्मी मानन्धर, चसाँद – रू. १००/–
२३) सुचित्रा मानन्धर, चसाँद – रू. १००/–
२४) लक्ष्मी मानन्धर श्रेष्ठ, तीनकुने – रू. १००/–
२५) प्रेमज्योती शाक्य, चारदोबाटो, बनेपा – रू. ३००/–
२६) अशोक रत्न शाक्य, तुयु लक्ष्मी शाक्य बनेपाबाट खाद्यान्न प्रदान ।
२७) प्रकाश श्रेष्ठ, हरिदेवी श्रेष्ठ करुणा जार्ग, बनेपा-५ खाद्यान्न प्रदान ।
२८) श्याम सुन्दर श्रेष्ठ, (लण्डनमा बस्ने छोरी बन्दना श्रेष्ठको जन्मदिनको उपलक्ष्यमा खाद्यान्न प्रदान ।
२९) YMBA बनेपा शाखाबाट भन्तेहरू तथा बालिकाहरूलाई भोजन प्रदान ।
३०) ज्ञानरत्न ताम्राकार परिवार, मखन भन्तेहरू तथा बालिकाहरूलाई भोजन प्रदान ।
३१) रोशनी तुलाधर बाकुननी, असनबाट स्व. दीपक रत्न तुलाधरको पुन्यस्मृतिमा भोजन प्रदान ।
३२) त्रीरत्न मानन्धर परिवार, चसाँदबाट स्व. न्हुछे बहादुर मानन्धर तथा ज्ञातिहरूको पुण्यस्मृतिमा भोजन प्रदान ।
३३) काभ्रे उद्योग वाणिज्य बैंक, बनेपाबाट खाद्यान्न, लुगा, ब्लान्केट प्रदान ।
३४) Rariguras सुरुजे संस्थाका अकेमि श्रेष्ठबाट खाद्यान्न तथा बेडसिट प्रदान ।

❀ **आजीवन वार्षिक भोजन प्रदान गर्ने दाताहरू :**

३५) डा. सागर शाक्य, बागबजार बाट स्व. बुबा मोती रत्न शाक्य तथा स्व. आमा प्राण शोभा शाक्यको पुण्यस्मृतिमा रू. १५०००/–
३६) सारदा मान शाक्य, कोपुण्डोल, ललितपुर आफ्नो जन्मदिनको उपलक्ष्यमा – रू. १५०००/–
३७) तारा शाक्य, कोपुण्डोल, ललितपुर आफ्नो जन्मदिनको उपलक्ष्यमा – रू. १५०००/–
३८) डा. अमित शाक्य, कोपुण्डोल, ललितपुर आफ्नो जन्मदिनको उपलक्ष्यमा – रू. १५०००/–
३९) डा. अशिम शाक्य, कोपुण्डोल, ललितपुर आफ्नो जन्मदिनको उपलक्ष्यमा – रू. १५०००/–
४०) कल्याणि शाक्य, कोपुण्डोल, ललितपुर आफ्नो जन्मदिनको उपलक्ष्यमा – रू. १५०००/–
४१) रूपा शाक्य, कोपुण्डोल, ललितपुर आफ्नो जन्मदिनको उपलक्ष्यमा – रू. १५०००/–
४२) आर्य शाक्य, कोपुण्डोल, ललितपुर आफ्नो जन्मदिनको उपलक्ष्यमा – रू. १५०००/–
४३) तारा शाक्य, कोपुण्डोल, ललितपुर दि. बुबा पं. आशा काजी बज्राचार्यको पुण्यस्मृतिमा – रू. १५०००/–
४४) तारा शाक्य, कोपुण्डोल, ललितपुर दि. आमा बेतिमाया बज्राचार्यको पुण्यस्मृतिमा – रू. १५०००/–
४५) रशिल तुलाधर, रस्मिता तुलाधर, असन, काठमाडौं परिवार जीवनमा मंगल कामना गर्दै – रू. १५०००/–
४६) कञ्चन लता ताम्राकार, USA आफ्नो जन्मदिनको उपलक्ष्यमा – रू. १५०००/–
४७) सुबिन शाक्य, ज्वागल, ललितपुर आफ्नो जन्मदिनको उपलक्ष्यमा – रू. १५०००/–

Downloaded from http://www.dhamma.digital